का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ माघ २०८१,
आइतबार
9 February, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



बीपी राजमार्ग

# संकट बिर्सेको सरकार

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २६ माघ ।

संघीय राजधानी काठमाडौं जोड्ने घुम्ती र नागबेली आकारको बीपी राजमार्ग यतिबेला कुरूप छ । संघीय राजधानीसहित देशका पूर्वी भागलाई जोड्ने छोटो दुरीको यो राजमार्ग गत असोजको बाढीपहिरोले कुरूप बनेको हो । बाढीपहिरोले राजमार्ग ध्वस्त बनेपछि यात्रा कष्टकर बनेको छ ।

१०, ११ र १२ असोजमा परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोले सुन्दर राजमार्गलाई कुरूप बनाएको हो । बाढीपहिरोका कारण अवरुद्ध राजमार्ग अहिले अस्थायी रूपमा संचालनमा आए पनि यात्रुले भने सास्ती भोग्नुपर्ने बाध्यता हटेको छैन ।

बाढी र पहिरोले राजमार्गको काभ्रेभञ्ज्याङ-नेपालथोक खण्डको १२ किलोमिटर सडक पूर्ण रूपमा बगाएको छ । यसको ८ दशमलव ७ किलोमिटर सडकखण्ड रोशी खोलाले बगाएको छ भने ३ दशमलव ३ किलोमिटर सडक कतै भासिएको छ कतै चिरा परेको छ ।

संघीय राजधानीलाई पूर्वी नेपालसँग जोड्ने लाइफलाइन नै हो बीपी राजमार्ग । यो राजमार्गमा दैनिक १० हजार सवारी साधन गुड्ने गरेका छन् । व्यस्त सडक भए पनि गत असोजमा आएको बाढीले क्षतविक्षत भएपछि राजमार्गमा सवारी आवागमन सकसपूर्ण छ ।

केही सडकखण्ड पूर्ण रूपमा क्षतिग्रस्त भएपछि कुनै स्थानमा खोला पृष्ठ २ मा



तत्काल आर्थिक अभाव रहेकाले सडक पुनर्निर्माणको काम अघि बढ्न सकेको छैन

**भीमार्जुन अधिकारी**
प्रवक्ता
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय


## कहिले बन्छ राजमार्ग ?

क्षतिग्रस्त राजमार्गलाई पुरानै अवस्थामा फर्काउन अझै कति समय लाग्छ ? अहिले नै भन्न सकिने अवस्था नरहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार अहिलेसम्म पुनर्निर्माणका लागि अध्ययन गर्ने कामसमेत भएको छैन ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता भीमार्जुन अधिकारीका अनुसार तत्काल आर्थिक अभाव रहेकाले सडक पुनर्निर्माणको काम अघि बढ्न सकेको छैन । राजमार्गको धेरैजसो सडकखण्ड नदीले पूरै बगाएकाले यसलाई पहिलेकै अवस्थामा फर्काउन सहज भने नभएको विज्ञहरूको भनाइ छ । पृष्ठ २ मा




# गतिहीन कांग्रेस दिशाहीन नेतृत्व



**घनेन्द्र ओझा/मध्यान्ह**
काठमाडौं, २६ माघ ।

मुलुकको पुरानो पार्टी हो नेपाली कांग्रेस । जहानियाँ राणाकालमै जन्मिएको कांग्रेसले यसबीचका अनेक तवरका राजनीतिक व्यवस्थामा आफूलाई हेलेको छ । र, सबैजसोमा आफूलाई सफल बनाएको छ ।

नेपाली जनतामाझ भिजेको पार्टी पनि हो कांग्रेस । लामो राजनीतिक सक्रियता, आमजनसम्म यसको पहुँच, पटकपटकको सत्ता नेतृत्वका कारण पनि कांग्रेस सबैले चिनेको पार्टी बनेको हो ।

बी. पी. कोइराला, सुवर्णशम्शेर, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, गिरिजाप्रसाद कोइरालाहरूको अभिभावकत्व पाएको कांग्रेसप्रति आमविश्वास पनि उत्तिकै छ, जुन स्वाभाविक हो ।

तर, आजको कांग्रेस गतिहीन, दिशाहीन र मतिहीन पनि बन्दै गएको स्वयं कांग्रेसजनले गुनासो गर्दै आएका छन् । पार्टीभित्र भइरहेका अन्तर्घात, गद्दारी, घोचपेच, धोकाधडीका कारण कांग्रेसप्रति धेरैको मोहभंग हुँदै गएको अवस्था छ ।

हिजोको कांग्रेस र आजको कांग्रेसबीचमा ठूलो अन्तर भएको प्रस्ट देख्न सकिने कांग्रेसजनहरू नै बताउँछन् । एक जना पुराना कांग्रेस नेता भन्छन्, 'हिजोको कांग्रेसमा रहेको स्वाभिमान, अडान, आदर्श, इमान र नैतिकता आजको कांग्रेसमा भेट्टाउन गाह्रो छ । हिजोका कांग्रेसका नेताले गरेको त्याग, बलिदान र संघर्षको छेउसम्म आजका नेतामा पाउन गाह्रो छ ।'

हिजोका दिनमा जनता र देशका लागि राजनीति गर्ने नेताहरू आज आफ्नो, आफन्तको र सम्पत्तिका लागि राजनीति गर्ने गरेका उनको भनाइ छ । 'राजनीति व्यापार वा व्यवसाय अथवा जागिर होइन, समाजसेवा हो, जनसेवा हो, राष्ट्रसेवा हो भनिन्थ्यो हिजो तर आज राजनीति गर्नेहरू प्रायःको एउटै ध्येय हुन्छ, आफू भलो त जगत् भलो', उनले गुनासो गरे ।

२००७ सालदेखि नै पटकपटक लामो समय सत्तारोहण गरेको कांग्रेसले विशेषगरी २०४६ सालको परिवर्तनपछि भ्रष्टाचार र अनियमिततालाई संस्थागत गरिदियो । नेतृत्वमा इमान, आदर्श र नैतिकताको खडेरी पार्दै गयो र त्यसकै परिणाम आजको कांग्रेस यो दुर्दान्त नियतिमा पुगेको उनको बुझाइ छ । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# एसोसिएसन-गणतान्त्रिकको १५ जनाको प्यानल सार्वजनिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ माघ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिको आगामी निर्वाचनका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले ७ पदाधिकारी र ८ सदस्य गरी १५ जनाको प्यानल सार्वजनिक गरेको छ । एसोसिएसनले नेकपा (माओवादी केन्द्र) निकट गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्चसँगको तालमेलका आधारमा अध्यक्ष, प्रथम उपाध्यक्ष, द्वितीय उपाध्यक्ष, तृतीय उपाध्यक्ष महासचिव, सचिव र कोषाध्यक्ष गरी ७ पदाधिकारी र ८ सदस्य




गरी १५ पदको उम्मेदवारी टुंगो लगाएको छ ।

२१ सदस्यीय संघको कार्यसमितिमा पदाधिकारीसहित १७ जनाको प्रत्यक्ष निर्वाचन तथा ४ जना अध्यक्षले मनोनयन गर्ने प्रावधान छ । २ सदस्य जातीय र भेगीय संघसंस्थालाई समेटेर उम्मेदवारी सार्वजनिक गर्ने कार्यक्रममा समावेश गर्ने पनि कार्यबाहक महासचिव तुलसीराम पुरीले मध्यान्हलाई जानकारी दिए ।

एसोसिएसनले अध्यक्षमा संघका पूर्व द्वितीय उपाध्यक्ष गुरुङ म्यानेजमेन्ट प्रा.लि.का संचालक भुवनसिंह गुरुङ, पृष्ठ २ मा

## निर्वाचन राजनीतिक संयन्त्रमा प्रवेशपछि अन्योलमा व्यवसायी

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनको प्रसंग सत्तारूढ दल नेकपा एमाले र नेपाली कांग्रेसले गठन गरेको २ दलीय राजनीतिक संयन्त्रमा प्रवेश गरेपछि वैदेशिक रोजगार क्षेत्रमा एक प्रकारको अन्योल देखिएको छ । यसबारे केही आशावादी छन् भने केहीमा निराशा देखिएको छ ।

यस विषयमा व्यवसायीहरूको मिश्रित प्रतिक्रिया देखिएको छ ।

नेपाली कांग्रेस र एमालेको संयुक्त सरकारलाई सफल र प्रभावकारी बनाउन भन्दै प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा बनेको ८ सदस्यीय संयन्त्रमा केही दिनयता पृष्ठ २ मा

# २७ वर्षपछि दिल्लीमा भाजपा सरकार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ माघ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा)ले राजधानी शहर नयाँ दिल्लीमा २७ वर्षपछि आफ्नो सरकार बनाउने भएको छ ।

बुधबार भएको दिल्ली विधानसभा निर्वाचनमा बहुमत हासिल गरेसँगै भाजपाले सन् १९९८ पछि दिल्लीमा सरकार बनाउने अवसर पाएको हो ।

दिल्लीको ७० सदस्यीय विधानसभामा भाजपाले ४७ सिटमा जित हासिल गरेको छ । थप १ सिटमा अग्रता लिइरहेको छ । विधानसभाको आधा अर्थात् ३५ सिट जित्ने पार्टीले दिल्लीमा नयाँ सरकार गठन गर्न सक्छ ।

दिल्लीमा भएको जितपछि प्रधानमन्त्री मोदीले दिल्लीको




विकासका लागि कुनै कसर बाँकी नराखिने बताएका छन् । उनले भनेका छन्, 'विकासको जित भएको छ, सुशासनको विजय भएको छ ।'

सन् २०१३ यता दिल्ली सरकार संचालनको नेतृत्व गरिरहेको अरविन्द केजरीवालको आम आदमी पार्टी (आप)ले २१ सिटमा चित्त बुझाएको छ ।

आपका नेता पूर्वमुख्यमन्त्री केजरीवालले दिल्लीको विधानसभामा सिट गुमाएका छन् । उनी भाजपाका उम्मेदवार प्रवेश वर्मासँग ३ हजारभन्दा बढी मतान्तरले पराजित भएका छन् । आपका अर्का शीर्ष नेता मनीष सिसोदियाले पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२७ माघ २०८१ आइतबार
9 February 2025, Sunday

# आफूसँग प्रतिस्पर्धा गर्न प्रचण्डको आग्रह

**काठमाडौं/मस**–माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले २०८४ को निर्वाचन परिणाम माओवादीको पक्षमा आउने दाबी गरेका छन्।

अनेरास्ववियु क्रान्तिकारीको २३औं राष्ट्रिय सम्मेलनबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरूको सपथ तथा पदभार ग्रहण कार्यक्रममा बोल्दै अध्यक्ष दाहालले २०६४ मा जस्तै अहिले देशव्यापी लहर आएको र यसले थप उत्साह र प्रेरणा दिइरहेको बताए। '२०६४ मा यस्तै उभार थियो, नेतृत्व जता गयो, उतै छुन खोज्ने, बोल्न खोज्ने अवस्था थियो। जनतामा ठूलो आकर्षण थियो, अहिले त्यस्तै देखिएको छ', उनले भने, 'म बिहानको मर्निङ वाकदेखि दिनभरि जनताकै बीचमा खट्ने गरेको छु, जनताकै उत्साह र प्रेरणाबाट यो सम्भव भएको छ। म जीवनभर यो अभियान जारी राख्ने छु।'



आफू ७० वर्षे वृद्ध भइसकेको र अहिले विद्यार्थी संगठनमा ३२ वर्षमुनिका साथीहरू आएको उल्लेख गर्दै अध्यक्ष दाहालले जनताको बीचमा जान अब नयाँ खालको प्रतिस्पर्धा गर्न आवश्यक रहेको बताए। नयाँ पुस्ताका लागि मेहनत र संघर्ष आवश्यक रहेको उल्लेख गर्दै उनले बिहान ५ बजेदेखि रातिसम्म मेहनतका लागि आफूबाट सिक्न पनि आग्रह गरे।

यसपटक अखिल क्रान्तिकारीले आन्तरिक लोकतान्त्रिक राम्रो अभ्यास गरेको उल्लेख गर्दै उनले यसपटक पुरानो विरासत स्थापित गरेको बताए। 'यसपटक अखिल क्रान्तिकारीले त्यो विरासतअनुसार आफ्नो छाप स्थापित गर्न सफल भएको छ,' उनले भने।

सिंगै देशको ध्यान अखिल क्रान्तिकारीको २३औं राष्ट्रिय सम्मेलनमा केन्द्रित भएको उल्लेख गर्दै दाहालले यसले संगठको पहिचान थप उँचो बनाएको बताए। ठूलो उत्साहका साथ उदध्ाटन भए पनि बन्द सत्र अलिअलि महाभारत जस्तो भएकाले धेरैमा चिन्ता सिर्जना भए पनि अन्तिममा लोकतान्त्रिक विधिबाट नीति र नेतृत्व चयन हुनु महत्वपूर्ण भएको दाहालले उल्लेख गरे।

अध्यक्ष दाहालले उमेर हद र नेतृत्व दुबैमा निर्वाचनबाट नै टुंगो लगाउनुपर्छ भनेर पार्टी दृढतापूर्वक लागेको र यसमा पार्टीले प्रत्यक्ष हस्तक्षेप नगरेर विद्यार्थीकै मतबाट टुंगो लगाउनु महत्वपूर्ण अभ्यास भएको पनि बताए। यसबाट माओवादीले नीति र नेतृत्व दुबै लोकतान्त्रिक विधिबाट टुंग्यायो भन्ने शक्तिशाली सन्देश स्थापित भएको पनि उनले बताए।

संसारभरिको कम्युनिष्ट पार्टीभित्रको अन्तरसंघर्ष र बहस हुँदा एकता, संघर्ष, रुपान्तरण, नयाँ आधारमा नयाँ एकता नै महत्वपूर्ण सूत्र भएको उल्लेख गर्दै उनले सबैले यसलाई आत्मसात गर्नुपर्ने बताए।

# ओखलढुंगा पत्रकार समाजद्वारा बरिष्ठ पत्रकार दाहाललाई अभिनन्दन

**काठमाडौं/मस**– ओखलढुंगा पत्रकार समाजले पूर्वमन्त्री तथा वरिष्ठ पत्रकार होमनाथ दाहाललाई अभिनन्दन गरेको छ। समाजको तर्फबाट वरिष्ठ पत्रकारद्वय राजेन्द्र दाहाल र ध्रुवहरि अधिकारीले अभिनन्दन पत्रकासाथ दोसल्ला ओढाएर सम्मान गरेका हुन्।



नेपाली पत्रकारिता जगतमा विशिष्ट योगदान गरेका दाहाललाई मैतीदेवीस्थित निवासमा एक कार्यक्रमकाबीच समाजले अभिनन्दन गरेको समाजका महासचिव जीवन शर्माले बताए।

ओखलढुंगाको मोलुङ गाउँपालिका-२, रामपुरमा जन्मिएका ८३ वर्षीय दाहाल राष्ट्रपुकार साप्ताहिकका सम्पादक तथा प्रकाशकका साथै नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय अध्यक्ष समेत हुन्।

वि.सं.२०५६ मा ओखलढुंगा क्षेत्र नं १ बाट नेपाली कांग्रेसको तर्फबाट सांसद पदमा निर्वाचित दाहाल २०६१ मा कृषि तथा सहकारीमन्त्री भएका थिए।

उपस्थित वरिष्ठ पत्रकारहरुले दाहाल पञ्चायतकालीन अवस्थामा प्रजातन्त्रका पक्षमा निडरताका साथ लागेर पत्रकारितामा खरो उत्रने सामर्थ्य राख्ने व्यक्ति भएको चर्चा गरेका थिए।

वरिष्ठ पत्रकार राजेन्द्र दाहालले पञ्चायतकालीन अवस्थामा प्रजातन्त्रका पक्षमा निडरताका साथ पत्रकारिता गरेर उहाँले पुऱ्याउनुभएको योगदानको प्रशंसा गरे। 'जतिबेला पञ्चायतविरुद्ध पत्रकारले लेख्नै डराउँथे, त्यतिखेर पनि उहाँले निरन्तर प्रजातन्त्रका पक्षमा लेख्न छाड्नुभएन', दाहालले भने, 'उहाँले पत्रकारिताका माध्यमबाट प्रजातान्त्रिक धारको सधैं नेतृत्व गरिरहनुभयो।'

वरिष्ठ पत्रकार दाहालले आफूलाई सम्झिएर सम्मान गरेकामा ओखलढुंगा पत्रकार समाजप्रति आभार प्रकट गरे। उमेरका हिसाबले पनि इतिहासका घटनाक्रमलाई बिर्सदै गएका दाहालले विभिन्न समयमा तीन वर्षभन्दा बढी जेल जीवन बिताएका छन्। उनले पहिला र अहिलेको पत्रकारिताको भिन्नताका बारेमा समेत सचेत गराए। गोरखापत्र संस्थानका पूर्वअध्यक्ष तथा महाप्रबन्धकको जिम्मेवारी समेत सम्हालि सक्नुभएका दाहालले नेपाली पत्रकारितामा विशिष्ट योगदान पुऱ्याउनुभएको वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारीले बताए। लोकतन्त्र र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षमा निरन्तर लागि रहेका दाहाल ओखलढुंगासँगै सिंगो प्रेस जगतका लागि एउटा प्रेरणाको स्रोत भएको अधिकारीको भनाइ छ। ओखलढुंगा समाजका अध्यक्ष चेतनाथ धमलाले ओखलढुंगामा जन्मिएर पत्रकारिता क्षेत्रमा रहेका सम्पूर्ण पत्रकारहरुलाई संगठित गर्ने उद्देश्यले स्थापना गरिएको संस्थाले पहिलो पटक विशिष्ट व्यक्तित्व होमनाथ दाहाललाई अभिनन्दन गरेर समाजका गतिविधिलाई अघि बढाउन थालिएको बताए।

ओखलढुंगा पत्रकार समाजका तर्फबाट पत्रकारहरु चेतनाथ धमला, जीवनाथ धमला, जीवराम भण्डारी, बालकुमार नेपाल, नारदमुनि गौतम, तुलसीहरि कोइराला, विनोद दाहाल, बद्रीकाजी गुरुङ, सलोजा दाहाल, कुम्भराज राईलगायतको उपस्थिति रहेको थियो।

**संकट...**

र कतै सडकको भित्ता खोलेर सवारी आवागमन भइरहेको छ।

जापान सरकारको सहयोगमा निर्मित यो राजमार्गलाई देशको एक उत्कृष्ट राजमार्गको रूपमा पनि चिनिन्छ। तर, बाढीपहिरोका कारण सिर्जित यो समस्या यात्रुले कहिलेसम्म भोग्नुपर्ने हो, यसको जबाफ सरकारसँग पनि छैन।

**कहिले...**

प्रवक्ता अधिकारीका अनुसार सडकलाई कसरी पुनर्निर्माण गर्ने भन्ने विषयमा अहिलेसम्म प्रारम्भिक छलफल मात्र चलेको छ। 'अहिले ३ वटा विकल्पमा छलफल भइरहेको छ', उनले भने, 'पहिलो उच्च पुल (भायडक) निर्माण गर्ने, दोस्रो अहिले भएको पहाडको भित्तो खोस्रिने (भित्तातर्फ नयाँ ट्र्याक खन्ने) र तेस्रो जमिन सतहबाट माथिसम्म भित्ता उठाएर सडक निर्माण गर्ने हो।'

तर, कुनै पनि विल्कप निर्विकल्प भने छैनन्। पहिलो विकल्पअनुसार उच्च पुल निर्माण धेरै महँगो पर्छ। दोस्रो विकल्पअनुसार भित्तो खोस्रिँदा फेरि बाढीले बगाएर लैजाने सम्भावना धेरै हुन्छ।

विज्ञहरूका अनुसार राजमार्गलाई पुरानै स्वरूपमा फर्काउन कम्तीमा २ वर्ष लाग्छ। पुरानै अवस्थामा आउन समय लाग्ने भएपछि तत्काल वैकल्पिक बाटो प्रयोग गर्न मिल्नेगरी काम भइरहेको छ। क्षति भएका सडक संरचना स्थायी रूपमा पुनर्निर्माण गर्न २० देखि २५ अर्ब रुपैयाँसम्म लाग्न सक्ने सरकारको प्रारम्भिक अनुमान छ।

त्यसमध्ये रोशी खोलामा आएको बाढीले कटान गरेको बीपी राजमार्ग स्थायी रूपमा पुनर्निर्माण गर्नका लागि साढे ७ अर्ब लाग्ने प्रारम्भिक अनुमान गरिएको प्रवक्ता अधिकारीको भनाइ छ।

अब यो राजमार्गको पुनर्निर्माण सरकार आफैंले गर्ने कि जापान सरकारकै सहयोग माग्ने भन्ने विषय पनि अझै अन्योलमा छ। सरकारको आफ्नै स्रोतबाट बनाउने कि जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को अनुदान सहयोगमा बनाउने भन्नेबारे निर्णय नभइसकेको प्रवक्ता अधिकारी बताउँछन्।

उनले भने, 'सडक पुनर्निर्माणका लागि सबैभन्दा ठूलो समस्या भनेकै बजेट हो। अहिले आर्थिक वर्षको बीचतिर छौं। त्यसैले पनि बजेट जुटाउन समस्या भइरहेको छ। हामीले अर्थ मन्त्रालयसँग समन्वय गरिरहेका छौं।'

काभ्रेको नमोबुद्धस्थित चौकीडाँडाबाट रोशी गाउँपालिकाको कालढुंगासम्म ८ किलोमिटर सडक पूरै बगेको छ। यो खण्डको बाँकी ४ किलोमिटर सडक पनि क्षतिग्रस्त छ। अहिले यो राजमार्ग डाइभर्सन बनाएर संचालनमा छ।

अहिले खोलाको बगरबाटै अस्थायी रूपमा सवारी आवतजावत गरिरहेका छन्। सरकारले यो खण्डमा स्थायी संरचना बनाउनेबारे निर्णय गरेको छैन।

सडक विभागले बीपी राजमार्गको पुनर्निर्माणका लागि अध्ययन सकेको छ। राजमार्ग निर्माण गर्न करिब १० अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयले जनाएको छ।

बाह्य सहायता वा आन्तरिक कोष जुन स्रोतबाट बनाए पनि अब उक्त सडक 'डबल लेन'को हुने सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्याल बताउँछन्। उनी भन्छन्, 'बीपी राजमार्ग एकदमै साँघुरो भएकाले अब डबल लेनको बनाउँछौं। यसमा केही ठाउँमा भिन्न डिजाइन पनि हुन सक्छ।'

प्रधानमन्त्री केपी शर्मा ओलीले ३० असोजमा नेपालका लागि जापानका राजदूत किकुता युताकासँग यो सडक पुनर्निर्माणका लागि छलफल गरेका थिए तर अहिलेसम्म जापान सरकारले कुनै निर्णय गरेको छैन।

राजमार्गको भत्किएको खण्ड पुनर्निर्माणका विषयमा जापान सरकारको अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले गत कात्तिक दोस्रो साता अध्ययन गरेको थियो।

नेपाल सरकारलाई सडक हस्तान्तरण गरेको १० वर्ष भइसकेकाले पुनर्निर्माण गर्नै पर्ने दायित्व जापानसँग नरहेको अधिकारीहरू बताउँछन्।

सडक विभागले बिग्रिएका ठाउँमा मात्र पुनर्निर्माण नगरी अन्यत्रसमेत स्तरोन्नतिका लागि काम गर्नुपर्ने अवस्था छ।

अधिकारीहरूका अनुसार नदी छेउछाउ तारजालीभित्र ढुंगा राखेर 'ग्याभिन' बनाउने, अहिले खोलिएका वैकल्पिक बाटो, मध्य पहाडी राजमार्गका खण्ड स्तरोन्नति गर्नेजस्ता काम पनि सँगसँगै गरिने छ।

भौतिक मन्त्रालयका पूर्वसचिव तुलसी सिटौला पुनर्निर्माणको स्रोत जुटाउने र कस्तो डिजाइनमा सडक पुनर्निर्माण गर्ने भन्ने चुनौती सरकारले खेप्नुपरेको बताउँछन्।

'सडक विभागले वार्षिक १ खर्ब रुपैयाँभन्दा केही बढी बजेट पाउँछ। तर, विभाग आफूले नै खर्च गर्नेगरी प्राथमिकता निर्धारण गर्ने काम चुनौतीपूर्ण छ', उनले भने।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् व्यवस्थापन कोषमा रहेको बजेट माग गर्ने तयारी भइरहेको बताए।

साथै, उनले दातृ निकायहरू एसियाली विकास बैंक (एडीबी) र विश्व बैंकको सहुलियतपूर्ण ऋण लिएर राजमार्ग निर्माण गर्ने तयारी थालेको बताए।

'साढे ९ अर्ब लागत लाग्ने भनिए पनि यसबाट ५-१० प्रतिशत लागत घट्न सक्छ। यो लागत रकम उपलब्ध गराउन अर्थ मन्त्रालयमा छलफल भएको छ', शर्माले भने, 'विपद् जोखिम न्यूनीकरणको कोषबाट र अन्य दातृ निकायसँग सहुलियत ऋण लिएर बजेट उपलब्ध गराउँछौं।'

प्रथम जननिर्वाचित प्रधानमन्त्री तथा नेपाली कांग्रेसका संस्थापक विशेश्वरप्रसाद कोइराला (बीपी)का नाममा निर्माण गरिएको यस राजमार्गले धनुषा, महोत्तरी, सिन्धुली, रामेछाप, काभ्रेपलाञ्चोकलगायत जिल्लाका पहाडी क्षेत्रको विकासको ढोका मात्र खुल्ला गरिदिएन, त्यहाँको जनजीवनमा नै परिवर्तन ल्याइदिएको छ। यसले आर्थिक तथा सामाजिक गतिशीलतालाई बढाउनुका साथै पूर्वी नेपाल र मध्य तराईको दुरीलाई छोटो बनाइदिएको छ।

बीपी कोइरालाले यस राजमार्गलाई तराई र राजधानी जोड्ने वैकल्पिक मार्गका रूपमा २०१५ सालमा परिकल्पना गरेका थिए। २०१७ सालको राजनीतिक परिवर्तनपछि ओझेलमा परेको राजमार्गलाई २०४६ सालको राजनीतिक परिवर्तनपछि निर्वाचित सरकारको पहलमा २०५२ सालदेखि ४ खण्डमा विभाजन गरेर निर्माण थालिएको थियो।

राजमार्गको पहिलो खण्ड महोत्तरीको बर्दिबास-सिन्धुलीगढी ३७ किलोमिटर छ भने राजमार्गको दोस्रो खण्ड सिन्धुलीमाढी-खुर्कोट ३९ किलोमिटर छ। त्यस्तै, खुर्कोट-नेपालथोक तेस्रो खण्ड हो, जसको लम्बाइ ३७ किलोमिटर छ। यस्तै, नेपालथोक-धुलिखेल चौथो खण्ड हो।

करिब २० वर्ष लगाएर निर्माण सम्पन्न गरिएको यो राजमार्ग बनाउन जापान सरकारको २६ अर्ब जापानी येन अर्थात् झन्डै नेपाली २५ अर्ब रुपैयाँ अनुदान सहयोग प्राप्त भएको छ।

राजमार्ग निर्माणका क्रममा जापानले भौगोलिक विकटतालाई मध्यनजर गर्दै नेपालमै पहिलो पटक 'सटक्रिट' र 'जियोटेक' प्रविधिको प्रयोग गरेर राजमार्ग निर्माण गरेको थियो। पहिरोलाई नियन्त्रण गर्न सटक्रिट (सिमेन्ट छ्याप्ने कार्य) र पहिरोको जोखिम तथा थलथल भएको जमिनमा सडक निर्माण गर्न जियोटेक प्रविधिको प्रयोग गर्ने गरिन्छ।

परम्परागत रूपमा भित्तो काटेर नभई पर्खाल उठाएर बनाइएको सडकको केही भाग २०७२ सालको भूकम्पका कारण पनि प्रभावित भएको थियो। २०७२ सालको भूकम्पमा करिब ५ स्थानमा यो सडक भासिएको थियो। त्यतिबेला जापान सरकारले १८ महिना लगाएर पुनर्निर्माण गरिदिएको थियो।

**छैन प्राथमिकतामा**

पूर्वी नेपालको लाइफलाइन सडक भए पनि यो राजमार्ग पुनर्निर्माण सरकारको प्राथमिकतामा परेको छैन। झापामा २२ सहित अन्य ९२ योजना अघि बढाउन भौतिक मन्त्रालयले हालै योजना आयोगमा योजनाको सूची पठाएको छ। तीमध्ये ३५ वटा योजना त बहुवर्षीय छन्, जबकि प्रधानमन्त्री ओलीले नै नयाँ बहुवर्षीय योजना थप नगर्न बरु पुराना योजना सक्न पटकपटक निर्देशन दिइरहेका छन्। तर, मन्त्रालयले राजमार्ग पुनर्निर्माणमा चासो दिएको छैन।

**गतिहीन...**

कांग्रेस अहिले १५औं महाधिवेशनको राप र तापमा छ। वडादेखि पालिका हुँदै जिल्ला र प्रदेशका भेला, प्रशिक्षण गर्न कांग्रेसलाई चटारो छ। कतै वरीयता विवाद त कतै 'खेमा-खेमा'बीचका संघर्ष, मतभेद र लडाइँका बीच कांग्रेसका गतिविधि चलिरहेका छन्।

भर्खरै कांग्रेसले पोखरामा अभिमुखीकरणका नाममा नेता, कार्यकर्ताको भेला गरेको छ। त्यसमा संस्थापनइतरका नेता डा. शेखर कोइराला सहभागी भएनन्। उनका अनुसार उक्त कार्यक्रममा उनलाई बोलाइएन र गएनन्। यसअघि पनि कोशी प्रदेशमा संस्थापनले आयोजना गरेको भेलामा उनी गएनन् बरु आफैंले संस्थापनको कार्यक्रमको केही दिनअघि आफ्ना पक्षका नेता, कार्यकर्ताको भेला राखे।

यस्ता घटनाहरू कांग्रेसमा लगभग स्थापनाकालदेखि नै निरन्तर छन्। विगतमा पहिलो पुस्ताका नेताहरू गणेशमान, कृष्णप्रसाद र गिरिजाप्रसादबीच पनि यस्ता असन्तुष्टि र विवाद भइरहन्थे।

मुलुककै ठूलो, पुरानो र लोकतान्त्रिक अभिभावक ठान्ने पार्टी कांग्रेसमा किन बिग्रह र विभाजित धारहरू देखापर्छन्? किन कांग्रेस सधैंजसो विभिन्न खेमामा विभक्त भइरहन्छ? किन एक ढिक्का हुन सक्दैन कांग्रेस? यी प्रश्न कांग्रेसका लागि गम्भीर बनेका छन्।

अहिले कांग्रेस नेकपा एमालेसँग सरकारमा छ। मुलुकको दैनिक कामकाज र प्रशासन संचालनको महत्त्वपूर्ण अभिभारा पनि कांग्रेसमाथि छ। तर, कांग्रेससँगको जनअपेक्षा, कांग्रेसले गर्नुपर्ने जिम्मेवारीबोध, यसले निर्वाह गर्नुपर्ने दायित्वप्रति भने कांग्रेस सजग र सचेत देखिँदैन।

आज बेथितिका विरुद्ध, अनियमितताका विरुद्ध, अविकासका विरुद्ध, अराजकताका विरुद्ध सजग, जिम्मेवार र 'प्रोएक्टिभ' बन्नुपर्ने कांग्रेस झनै बेतालको बन्दै छ। एक ढिक्का भएर देश र जनताका पक्षमा काम गर्नुपर्ने बेला कांग्रेस आपसी वैमनस्य र झैझगडामा रुमल्लिएको राजनीतिक विश्लेषक हरिविनोद अधिकारी बताउँछन्। उनका अनुसार अरू पार्टीहरू 'मिसन २०८४'मा लागिरहँदा कांग्रेस भने आपसी लडाइँ र खिचातानीमै अल्झिएको छ।

पछिल्लो समय पार्टी सभापति शेरबहादुर देउवालाई छैटौं पटक प्रधानमन्त्रीको लोभ रहेकाले पार्टी र संगठनलाई उनले बेवास्ता गरेको अधिकारी बताउँछन्। 'यसका लागि देउवालाई अधिवेशन गर्नु पनि छैन, पार्टीको चिन्ता पनि छैन', उनी भन्छन्, 'अध्यादेशकै विषयमा पनि सरकारले पारित गराउन नसकेपछि कांग्रेस ब्याक हुन सक्नुपर्थ्यो, खै त? यहाँ पनि स्वार्थकै खेल छ।'

अधिकारी कांग्रेसको गति मात्र नभएर मति पनि बिग्रन थालेको बताउँछन्। 'नेतृत्व जब गैरजिम्मेवार हुन्छ, तब पार्टी बिग्रन्छ, संगठन तहसनहस बन्छ, यो अवस्था कांग्रेसमा देखिँदै छ', उनी भन्छन्।

कांग्रेसका युवा नेता गुरुराज घिमिरे नेतृत्वले संस्थागत जिम्मेवारीभन्दा आफूलाई बढी महत्त्व दिनुको परिणाम आज कांग्रेस दिशाहीन बनिरहेको बताउँछन्। उनी भन्छन्, 'पार्टीको भूमिकालाई प्राथमिकता दिइएन, नेतृत्वले आफ्नो मात्र चिन्ता गर्न थाले, संस्थागत चरित्र देखिएन, जसका कारण आज पार्टी बाटो बिराएको अवस्थामा छ।'

घिमिरेले पटकपटक पहिलो पार्टी बनेको कांग्रेस आज दोस्रो हैसियतको कम्युनिस्ट पार्टीको मुनि रहेर सत्तामा बसेको अवस्था विरक्तलाग्दो भएको बताए। यसको कारण दिशाहीन पार्टी र जिम्मेवारीमा चुक्दै गएका नेता भएको उनको भनाइ छ।

संस्थापन र इतर पक्षले एकअर्कालाई निषेध गरिरहेका अवस्थालाई संकेत गर्दै घिमिरेले भने, 'निषेध वर्जित छ लोकतन्त्रमा, बहुलवादी राजनीतिमा निषेध शोभनीय होइन।'

पुरानो पार्टी, जनताले पटकपटक विश्वास गरेको पार्टी भएका कारण पनि अभिभावकीय स्वभाव कांग्रेसमा हुनुपर्ने एक राजनीतिक विश्लेषकको धारणा छ।

'देशको महत्त्वपूर्ण पार्टीका रूपमा रहेका पार्टीहरूले आगामी निर्वाचनको चिन्तामा काम गर्ने होइन, दीर्घकालीन स्थायित्व, विकास र समृद्धिका लागि सोच्ने हो। कांग्रेसले यतातिर पहिलो ध्यान केन्द्रित गर्नुपर्ने हो। र, यसका लागि कांग्रेससँग अर्को विकल्प नै छैन- सहमति, सहकार्य, एकता र सहअस्तित्वको सम्मानबाहेक', उनी भन्छन्।

**एसोसिएसन...**

प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रा. लि.का संचालक नरेन्द्रप्रसाद ढकाल, द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रा. लि.का संचालक देवकुमार खोखाली, तृतीय उपाध्यक्षमा इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रा. लि.का संचालक हर्कबहादुर लिम्बू, महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा. लि.का संचालक महेशकुमार बस्नेतलाई उम्मेदवार बनाउने निर्णय गरेको कार्यबाहक महासचिव पुरीले जानकारी दिए। त्यस्तै, सचिवमा आकृति रिक्रुटिङ प्रा. लि.का संचालक कुन्छा दोर्जे डिङ्दोङ र कोषाध्यक्षमा रोज ह्युमन रिसोर्स प्रा. लि.की संचालक सबिताकुमारी सिंह उम्मेदवार बनेका छन्। सचिवका उम्मेदवार दिमदोङ गणतान्त्रिक मञ्चका महासचिव हुन्।

कार्यसमिति सदस्यमा शुभहारती म्यानपावर प्रा. लि.का संचालक विक्रम श्रेष्ठ, इम्पेरियल ओभरसिज प्रा. लि.की संचालक विद्यालक्ष्मी श्रेष्ठ, ब्रदर इन्टर नेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक दीपककुमार राय, हिमालयन भ्याली नेपाल प्रा. लि.का संचालक देवीप्रसाद गिरी, रसुवा ओभरसिज प्रा. लि.का संचालक सुवर्ण लामा, स्क्युर नेपाल प्रा. लि.का संचालक सुमनराज पाण्डे, युनिभर्सल एच. आर. सोलुसन प्रा. लि.का संचालक भरत सापकोटा र रिजा ओभरसिज प्रा. लि.की संचालका रेखा शर्मा उम्मेदवार बनेका छन्।

शुभहारतीका संचालक श्रेष्ठ वर्तमान कार्यसमितिका निर्वाचित सदस्य पनि हुन्।

**निर्वाचन...**

मुलुकमा रेमिटचान्स भित्रयाउन महत्वपूर्ण भुमिका खेल्ने वैदेशिक रोजगार क्षेत्रको नेतृत्व चयनको विषय प्रवेश गरेको सार्वजनिक भएको छ।

मध्यान्ह दैनिकको शनिबारको अंकमा उक्त समाचार सार्वजनिक भएको थियो। संघको आगामी निर्वाचनमा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको संयुक्त प्यानलबाट अध्यक्षका उम्मेदवार नरेश गेलालले प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीसहित देशका बरिष्ठ नेताहरू संलग्न राजनीतिक संयन्त्रमा वैदेशिक रोजगारको विषय प्रवेश हुनु सकारात्मक भएको बताए।

उनले राजनीतिक संयन्त्रले संघको निर्वाचनको प्राविधिक पक्षमा सीमित नरहेर अव्यावहारिक प्रमाणित भएको फ्रि भिसा र फ्रि टिकटको निर्णय खारेजी, देशगत रूपमा हुने कामदारको लागतको परिभाषासहित वैज्ञानिक रूपमा शुल्क निर्धारणसहित संख्या सय जना कामदार पठाउनुपर्ने बाध्यता, कूटनीतिक नियोगमा रहेको बेथिति अन्त्य र वैदेशिक रोजगारीमा जाने कामदार र व्यवसायी दुवैका लागि वैदेशिक रोजगार ऐन र नियमावलीमा रहेका झन्झटिला प्रावधानको खारेजी जस्ता विषयमा संयन्त्रले गंभीरताका साथ छलफल गरेर सरकारलाई ठोस मार्गदर्शन गर्न आवश्यक रहेको बताए।

तराई वैदेशिक रोजगार व्यवसायी समाजका उपाध्यक्ष अख्तर हुसेनले भने संघ व्यावसायिक र नितान्त गैरराजनीतिक संस्था भएकाले संघ कार्यसमितिको निर्वाचनका विषयमा सरकार संचालनका लागि बनेको राजनीतिक संयन्त्रमा प्रवेश गराउँदा संघको स्वतन्त्रता र व्यवसायी स्वायत्ततामाथि आँच आउने टिप्पणी गरे।

उनले मध्यान्हसँग कुरा गर्दै हुसेनले वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्याको समाधान नगरीकन निर्वाचनको प्राविधिक पक्षमा मात्र संयन्त्रले राख्ने चासोलाई व्यवसायीले उचित नठह्याउने टिप्पणी गरे।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्व कार्यबाहक अध्यक्ष रहेका व्यवसायी ऋषि शर्माले उच्चस्तरीय राजनीतिक संयन्त्रमा संघको निर्वाचनको प्रसंगले प्रवेश पाएको अहिलेको अवस्थालाई 'कालो बादलभित्र चाँदीको घेरा' भन्दै संघ र व्यवसायीले यो सन्दर्भलाई यस क्षेत्रमा लामो समयदेखि थाँती रहेका समस्याको समाधानका लागि प्रयोग गर्न सक्नुपर्ने बताए।

उनले भने, 'सुन्दा कर्णप्रिय र परिवर्तन गर्दा आलोचना खेप्नुपर्ने फ्रि भिसा, फ्रि टिकट जस्ता विषयलाई उच्चस्तरीय संयन्त्रमा संघको निर्वाचनको विषयले प्रवेश पाएको सन्दर्भमा छलफल चलाउन मौका मिलेको छ। संघ नेतृत्व मात्र नभएर ठूलो संख्यामा कामदार पठाउने व्यवसायीले पनि सिर्जना भएको अवसरको सदुपयोग गर्न सक्नुपर्छ।'

सरकार संचालनका लागि गठित संयन्त्रको कार्यदलमा नेपाली कांग्रेसका तर्फबाट उपसभापति पूर्णबहादुर खड्का, गृहमन्त्री रमेश लेखक, महामन्त्री गगनकुमार थापा, परराष्ट्रमन्त्री आरजु राणा देउवा गरी ४ जना र एमालेबाट बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष तथा अर्थमन्त्री विष्णु पौडेल, महासचिव शंकर पोखरेल र उपमहासचिव तथा प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार विष्णु रिमालसहित ८ जना प्रभावशाली व्यक्तिहरू सदस्य छन्।

**२७ वर्षपछि...**

पनि सिट गुमाएका छन्। केजरीवाललाई पराजित गरेसँगै वर्माको नाम भावी मुख्यमन्त्रीका रूपमा आएको छ।

४७ वर्षीय वर्मा दिल्लीका पूर्वमुख्यमन्त्री तथा भाजपाका पूर्वउपाध्यक्ष साहिबसिंह बर्माका छोरा हुन्। निर्वाचन अभियानका क्रममा उनले साबरमतीको जस्तै यमुना नदीमा रिभरफ्रन्ट बनाउने, झुपडीमा बस्नेलाई घर दिने, पूर्वाधार निर्माण गर्ने, ५० हजारलाई सरकारी जागिर, फ्लाईओभर, प्रदूषणमुक्त राष्ट्रिय राजधानी बनाउनेलगायतका थुप्रै वाचा गरेका थिए।

निर्वाचनमा आफ्नो हार स्वीकार गर्दै उनले भनेका छन्, 'जनताको फैसलालाई हामी पूर्ण रूपमा विनम्रताका साथ स्वीकार गर्छौं।' उनले दिल्ली निर्वाचन परिणामलाई लिएर भाजपालाई बधाई दिएका छन्।

देशको राजधानी शहर भएका कारण पनि दिल्ली विधानसभाको निर्वाचनलाई भाजपा र आपले प्रतिष्ठाको विषय बनाएका थिए।

मतदाताले कल्याणकारी मुद्दालाई समर्थन गरेसँगै यहाँ सन् २०१३ यता केजरीवालको आपले सरकार चलाइरहेको थियो। तर, पछिल्लो समय केजरीवालसहित उनको दलका नेताहरूमाथि भ्रष्टाचारको आरोप लागेको छ। केजरीवाल र आपका नेताहरूले आफूमाथि लागेको आरोपको खण्डन गर्दै आएका छन्।

भाजपाका लागि राजधानी शहरमा देखिएको निर्वाचन परिणाम चुनावी सफलतामा सीमित छैन। सन् १९९८ यता राजधानीमा सत्ताबाहिर रहेको भाजपाले यो निर्वाचनसँगै राजधानीमा महत्त्वपूर्ण आधार पाएको छ।

महाराष्ट्र, छत्तीसगढलगायतका राज्यमा हालैका विधानसभा निर्वाचनहरूमा सफलता हासिल गरेपछि भाजपाले आफ्नो सम्पूर्ण ध्यान दिल्ली निर्वाचनमा लगाएको थियो।

भारतको संघीय संसद्को प्रमुख प्रतिपक्षी दल भारतीय नेसनल कांग्रेस पनि दिल्ली निर्वाचनमा सहभागी छ। तर, यो दलले कुनै सिटमा जित्न सकेको छैन।

भाजपाका तर्फबाट दिल्लीमा पछिल्लो पटक सन् १९९८ मा सुष्मा स्वराज मुख्यमन्त्री बनेकी थिइन्।

३ डिसेम्बर १९९८ मा मुख्यमन्त्री बनेकी शिला दीक्षितले ३ कार्यकाल चलाएकी थिइन्। त्यसपछि केजरीवालले २ कार्यकाल शासन गरेका थिए।

कांग्रेसले सन् १९९८ देखि २०१३ सम्म यहाँ सरकार चलाएको थियो। तर, भ्रष्टाचारको आरोपपछि यहाँका मतदाताहरूले कांग्रेसलाई पाखा लगाएर आम आदमी पार्टीलाई सरकारमा पुऱ्याएका थिए।

निर्वाचनमा ६० प्रतिशतभन्दा धेरै मतदान भएको थियो। अधिकांश एक्जिट पोलहरूले दिल्लीमा भाजपाको स्पष्ट बहुमत पुग्ने प्रक्षेपण गरेका थिए।

संघ प्रशासित दिल्लीको शासन व्यवस्था अनौठो छ। सार्वजनिक सुव्यवस्था, प्रहरी र भूमि व्यवस्थापन जस्ता विषयमा मुख्य निर्णय लिने अधिकार संघीय सरकारले नियुक्त गरेका लेफ्टिनेन्ट गभर्नरसँग हुन्छ।

विधानसभाले शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवाबारे निर्णय लिने अधिकार राख्छ।

प्रतिस्पर्धी पार्टीले संघीय सरकार र राज्य सरकार संचालन गर्दा अधिकार प्रयोगका विषयमा केन्द्र र राज्य सरकारबीच टकराव देखिने गरेको छ।

अधिकार बाँडफाँटको यस्तो संरचनाका कारण पनि दिल्लीमा चुनावी नाराहरू राजनीतिकभन्दा बढी कल्याणकारी मुद्दामा केन्द्रित देखिएका छन्।

निर्वाचनमा आप र भाजपा दुवैले सरकारी विद्यालयहरूमा सुधार, निःशुल्क स्वास्थ्य सेवा र महिलाहरूका लागि भत्ताको नारा अघि सारेका थिए।

गत साता मात्र सार्वजनिक भएको भारतको बजेटमा मध्यम आय भएका मानिसहरूका लागि कर छुटको घोषणा भएको थियो। मध्यम आय भएका मानिसहरूको उच्च जनसंख्या बसोबास गर्ने दिल्ली निर्वाचनमा त्यसको फाइदा आफूलाई पुग्ने भाजपाको आँकलन थियो।

यसअघि भएको आमनिर्वाचनमा भारतको संसद्मा भाजपाले बहुमत गुमाएसँगै घटेको ठानिएको प्रधानमन्त्री नरेन्द्र मोदीको लोकप्रियता दिल्ली निर्वाचनको सफलताले जोगाइदिएको विश्लेषकहरूले बताएका छन्।

दिल्लीमा पहिलो पटक सरकार बनाउँदा शिक्षा र स्वास्थ्यमा सुधार गरेका कारण प्रशंसा बटुलेको आपका लागि यो निर्वाचनले ठूलो धक्का दिएको विश्लेषण भएका छन्।

दिल्लीमा सरकार गुमाउन लागेको आपले भारतको अर्को राज्य पञ्जाबमा पनि सरकार चलाइरहेको छ।

भाजपाको चुनावी नारा आपका प्रमुख अरविन्द केजरीवालको आलोचनामा केन्द्रित देखिएको थियो। भ्रष्टाचारविरोधी अभियानसँगै राजनीतिमा उदाएका केजरीवाल मदिरा विक्रीसम्बन्धी एक नीति बनाउँदा भ्रष्टाचार गरेको आरोपमा जेल पुगेका थिए।

उनले आफूमाथि लागेको आरोप अस्वीकार गर्दै आएका छन् र मोदीले आफूमाथि राजनीतिक प्रतिशोध साँध्न मुद्दा चलाएको आरोप लगाएका छन्। भाजपाले भने प्रतिशोधको आरोपको खण्डन गर्दै आएको छ।

मुख्यमन्त्री रहेकै समयमा थुनिएका केजरीवाल गत सेप्टेम्बरमा धरौटीमा रिहा भएका थिए। तर, सर्वोच्च अदालतले उनलाई मुख्यमन्त्री कार्यालयमा फर्कन र निर्णयहरू गर्न रोक लगाएको थियो।

आफू जेलबाट रिहा भएको केही दिनमै केजरीवालले मुख्यमन्त्रीबाट राजीनामा दिएका थिए।

भारतीय जनता पार्टीले आफूले दिल्ली राज्यसभाको निर्वाचन जितेको अवस्थामा सन् २०३० सम्म दिल्लीको वायु प्रदूषण आधा घटाउने वाचा गरेको छ। तर, निर्वाचनमा दिल्लीको प्रदूषण प्रमुख मुद्दा बन्न सकेको थिएन। ३ करोड मानिसहरू बसोबास गर्ने दिल्लीमा वर्षको आधा समय मानिसहरूले चर्को वायु प्रदूषणको सामना गरिरहेका छन्।


## साउदीमा रोजगार

कम्पनी : OPERATIONAL EFFICIENCY CO. LTD. शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८१/१०/२४ चलानी नं.: ६०२३२५९६ L.T. No.: 318305

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 10 | 0 | स. काममा दक्ष | 1300 | ४८,३८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ४ गते (16 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Lic. No.: 782/065/066
PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958, Mob.: 9841597085
Email:progressiveplacementnepal@gmail.com, website:http://www.progressivenepal.com.np



## Kedarsyun Rural Municipality
## Office of the Kedarsyun Rural Municipal Executive

Deura, Bajhang
SudurPashchim Province, Nepal
**Invitation Bids for Construction of Project**
**Date of publication:- 2081/10/27(09 Feb, 2025)**

1. Kedarsyun Rural Municipality Office, Deura Bajhang has invited electronic bids on 2081/10/27 from Nepalese eligible bidders for the procurement of following works under National Competitive bidding process.

| Contract No. | Description of Work | Estimated Amount without (VAT & Contingencies) | Bid Document fee NRs. | Bid Security NRS | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| KRM/NCB/ Works- 05/2081/082 | Construction Of Kalanga River / Deura / Dhodekhet Tatbandhan Gabion work. | 44,24,775.9 | 3000.00 | 1,25,000.00 | 2081/11/27 (11 Mar, 2025) |

2. The Bidders must submit their bid electronically through e-procurement section of PPMOs website http://www.bolpatra.gov.np/egp, the Bidder shall be required to deposite the non-refundable fee in the form of case deposite certificate in the Revenue Office code no: ………. Office Account no: 07501400250009 of Nepal Investment Bank, Jhota Branch and electronic scanned copy (pdfformate) of the Bank deposite voucher shall also be submitted along with electronic bid files.
3. Bid shall be accompanied by a bid security of an amount as shown in the above table. If bidder wishes to submit the Bid Security in the form of case, the case should be deposited in the following address or a bid bond issued by a bank approved by Nepal Rastra Bank valid beyond a month (30days) from bid validity period and submit the original receipt of the deposited amount of case along with the bid.
Information to deposite Bid Security in Bank:
Name of The Bank : Nepal Investment Bank, Jhota Bajhang.
Name of Office : Kedarsyun Rural Municipal Executive, Deura Bajhang
Deposite Account No. : 07501400250153
4. For more information about bidding process and bid documents, please visit http://www.bolpatra.gov.np/egp,

**Chief Administrative Officer**
**Kedarsyun Rural Municipality Office**
**Deura, Bajhang**

नेपाल प्रहरीलाई प्रधानमन्त्रीको निर्देशन–

# 'तस्कर, भ्रष्ट र ठगहरूमाथि निर्धक्क भएर अनुसन्धान गर्नुस्'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ माघ

प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै पनि प्रकारको दबाबमा नपरी प्रमाण र तथ्य आधारित न्यायसंगत अनुसन्धान गर्न नेपाल प्रहरीलाई निर्देशन दिएका छन् । भृकुटीमण्डपस्थित नेपाल पुलिस क्लब परिसरमा निर्मित 'द ब्लु पेभिलियन'को शनिबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशमा विधिको शासन तथा शान्ति सुरक्षा कायम गर्ने काममा दृढताका साथ अघि बढ्न निर्देशन दिएका हुन् ।

'तपाईंहरू जनताको अपेक्षाअनुसार चल्नुपर्छ । जनताले प्रहरीबाट निष्पक्ष र असल व्यवहारको अपेक्षा गरेका छन् । त्यसैले तपाईंहरू संविधान र कानुनबमोजिम देश र जनताको हितलाई केन्द्रमा राखेर काम गर्नुस्', प्रधानमन्त्री ओलीले भने, 'कुनै तस्कर, भ्रष्ट र ठगहरूमाथि निर्धक्क भएर अनुसन्धान गर्नुस् । मुलुकमा शान्ति सुव्यवस्था कायमका साथै राष्ट्रिय हित र एकतालाई ध्यान दिएर अझ प्रभावकारी रुपमा काम गर्नुस् ।'

प्रधानमन्त्री ओलीले नेपाल प्रहरीलाई सबै प्रहरीको घरका



रुपमा स्थापित गर्नुपर्नेमा जोड दिए । विसं २०७७ जेठ ११ गते शिलान्यास भएको उक्त प्याभिलियन रु ७५ करोड ८७ लाखमा निर्माण भएको हो । कार्यक्रममा प्रधानमन्त्री ओलीले नेपाल प्रहरीको इतिहास भाग–२ को विमोचन गरे भने भवन निर्माणमा योगदान दिने अधिकारी, प्राविधिक र निर्माणकर्तालाई सम्मान प्रदान गरे ।

सोही कार्यक्रममा नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवरले प्रधानमन्त्री ओलीमार्फत प्रधानमन्त्री दैवीप्रकोप सहायता कोषमा रु ७४ लाखको चेक हस्तान्तरण गरे ।

गृहमन्त्री रमेश लेखकले नेपाल प्रहरीको ऐन संशोधनको विधेयक संसदमा पेस भएको र यसमा आउने रचनात्मक सुझावलाई परिमार्जनमा समावेश गरेर चाँडो पारित गरिने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, सांसद ध्रुवबहादुर प्रधानलगायत उपस्थित थिए ।

प्रधानमन्त्री ओलीले उद्घाटन गरेको 'द ब्लु पेभिलियन' प्रहरी कर्मचारीलाई स्वस्थ, चुस्तदुरस्त र तनावमुक्त बनाउने अभिप्रायले निर्माण गरिएको हो । कुल रु ७५ करोड ८७ लाख २९ हजारको लागतमा निर्माण गरिएको उक्त भवनमा बहुउद्देश्यीय हल, ब्याडमिन्टन कोर्ट, कन्फ्रेन्स हल, विशिष्ट तथा अतिविशिष्ट कक्ष, स्वास्थ्य कक्ष, जिम हलसहित दुईतले भूमिगत पार्किङलगायत सुविधा रहेको छ । तत्कालीन प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले विसं २०७६ भदौ २४ गते शिलान्यास गरेका थिए ।

गृहसचिव गोकर्णमणि दुवाडीले प्रहरी संगठनमा रहेका जनशक्तिको शारीरिक, मानसिक स्वास्थ्यका साथै सांस्कृतिक कार्यको प्रवर्द्धन र मनोरञ्जनात्मक गतिविधिमा प्रहरी कर्मचारीलाई सहभागी गराउने उद्देश्यले निर्मित पेभिलियनले प्रहरीको कार्यसम्पादनमा थप कुशलता र व्यावसायिकता प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

महानिरीक्षक कुँवरले प्रहरी कर्मचारीलाई शारीरिक तन्दुरुस्तीका साथै मानसिक स्फूर्ति कायम राख्नका लागि पेभिलियनले सहयोग पुऱ्याउने बताए । उनले आगामी दिनमा पुलिस क्लबको संरचनालाई विस्तार गरी अत्याधुनिक जिम, साउना, पौडी पोखरीसहितको पुलिस हेल्थ क्लब, सुविधासम्पन्न प्रहरी गेष्ट हाउस र नगर प्रहरीको कार्यालयसमेत स्तरोन्नति गर्ने योजना रहेको सुनाए । प्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राईले पहिलो चरणमा नेपाल प्रहरी कर्मचारीलाई लक्षित गरेर सञ्चालनमा ल्याइएको पुलिस क्लबलाई चरणबद्ध रूपमा आमनागरिकको पहुँचमा पुऱ्याइने बताए ।

## तातोपानीको १६औं गाउँसभा

# छाउपडी प्रथाविरुद्ध कार्यविधि पारित

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २६ माघ

तातोपानी गाउँपालिकाले छाउपडी प्रथाविरुद्ध कार्यविधि पारित गरेको छ । गाउँपालिकाको १६ औं गाउँसभाले छाउपडी प्रथाविरुद्धको विधेयक अन्य विधेयक पनि पारित पारित गरेको छ ।

त्यस्तै गाउँपालिका उपाध्यक्ष रेवती रावलका अनुसार गाउँपालिकामा छुइप्रथा न्यूनीकरण गर्न, सामाजिक जनचेतना बढाउनका लागि सो विधेयक बढाइएको छ । उपाध्यक्ष रावलले गाउँपालिकाको कार्यसूचीमा सो विधेयक पारित गरी विधेयकले यस क्षेत्रमा न्यूनीकरणमा काम गर्नेलाई पुरस्कृत तथा प्रोत्साहन गर्नेलाई दण्डित समेत गरिने बताए ।

पालिकाले एकल पुरुष सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनका लागि समेत कार्यविधि बनाएको छ ।

त्यस्तै तातोपानी गाउँपालिका वडा नम्बर ४ का अध्यक्ष तथा गाउँपालिकाका प्रवक्ता अमर रोकायाका अनुसार १६ औं गाउँसभाले विभिन्न १५ वटा नयाँ



ऐन, कानून, कार्यविधि, निर्देशिका तथा २ वटा पूराना कार्यविधि संशोधन विधेयक गरी पारित गरिएको छ ।

त्यस्तै तातोपानी गाउँपालिकाको विधान तथा सुशासन समितिको संयोजक तथा गाउँसभा सदस्यको हैसियतले आफुले १६ औं गाउँ अधिवेशनमा टेवुलेसन गरी पारित भएको छ ।

गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंका अनुसार घर बीमा सम्बन्धी कार्यविधि २०८१, एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि २०८१, अटो रिक्सा संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन २०८१, लोकसेवा आयोगको निःशुल्क कक्षा संचालन तथा व्यवस्थापन कार्यविधि २०८१,व्यावसायिक पन्छी फर्म तथा ह्यचरी सञ्चालन सम्बन्धी कार्यविधि २०८१ पारित गरिएको छ ।

यस्तै गाउँपालिकाले विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी कार्यविधि २०८१, नर्सरी संचालन तथा व्यवस्थापन निर्देशिका २०८१, षोषणमैत्री वडा तथा पालिका घोषणा सम्बन्धी कार्यविधि २०८१, ढुंगा गिट्टी बालुवा उत्खनन् सम्बन्धी मापदण्ड २०८१, कन्टेजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि २०१८, छाउपडी प्रथाविरुद्ध कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१, बाल सहभागीता कार्यविधि २०८१, बालविवाह निरुत्साहित निर्देशिका २०८१, बालबालिकामाथि हुने सबै प्रकारका हिंसा उजुरी सुनुवाइ कार्यविधि २०८१ र आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८१ पारित गरेको छ ।

त्यस्तै २ वटा कार्यविधि संशोधन समेत गरिएको छ । संशोधन गरिएकोमा घर नक्सा पास सम्बन्धी कार्यविधि २०८० (पहिलो संशोधन), तातोपानी धारा संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ (पहिलो संशोधन) रहेका छन् ।

एकल पुरुष भत्ता वितरण कार्यविधि अनुसार वार्षिक ४ हजार भत्ता दिने भएको छ । त्यस्तै प्रमुख प्रशासकीय अधिकृत तिर्थ कठायतका अनुसार गाउँसभाबाट पारित ऐन कानुन, कार्यविधि र नीतिहरु स्थानीय राजपत्रमा प्रकाशन भइ तातोपानी गाउँपालिका जुम्लाले कार्यान्वयनमा ल्याउने छ ।

महिनावारी, सुत्केरीको समयमा छुइ मान्ने प्रचलन विद्यमान भइरहेको समयमा यस प्रथालाई नियन्त्रण गर्न छाउपडीविरुद्धको कार्यविधि सकारात्मक भएको महिला अधिकार कर्मीहरुको बुझाइ छ ।

# मोना कतारको नेतृत्वमा बाबुराम भण्डारी सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २६ माघ

म्याग्दी जिल्ला रघुगंगा गाउँपालिका वडा नम्बर २ भगवती निवासी बाबुराम भण्डारीलाई सर्वसम्मत अध्यक्षमा चयन गर्दै म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारको १२औं साधारण सभा सम्पन्न भएको छ ।

शुक्रबार सनैयामा अवस्थित फूलबारी रेस्टुरेन्टमा दुई चरणमा सम्पन्न साधारण सभाको बन्द सत्रबाट ३१ सदस्यीय नयाँ कार्यकारिणी समिति सर्वसम्मत चयन भएको छ ।

२२औं वार्षिकोत्सव तथा विविध सांस्कृतिक कार्यक्रमसहित सम्पन्न साधारण सभाले कार्यकारिणी समितिको वरिष्ठ उपाध्यक्षमा मगंला गाउँपालिका वडा नं. ४ का देवीदत्त कँडेल, प्रथम उपाध्यक्षमा मालिका गाउँपालीका वडा नं. ५ रुन्माका पदम पुन, उपाध्यक्षमा रघुगंगा गाउँपालिका वडा नं. ३ पिप्लेका रुकुम श्रीपाली, महासचिवमा अन्नपूर्ण गाउँपालिका वडा नं. ६ घारका कृष्ण खड्का (शिव), सचिवद्वय रघुगंगा गाउँपालिका वडा नं. ३ पिप्लेका नरेन्द्रकुमार दर्जी र अन्नपूर्ण गाउँपालिका वडा नं.३ दानाका प्रेमबहादुर गर्बुजा, कोषाध्यक्षमा अन्नपूर्ण गाउँपालिका वडा नं. ६ घारका नवराज रिजाल र सहकोषाध्यक्षमा बेनी नगरपालिका वडा नं. ७ संगमचोककी मोना नेपालीलाई चयन गरेको छ ।

समितिको महिला संयोजकमा मंगला गाउँपालिका वडा नं. ४ सुनधाराकी टिकामाया रोका, महिला उपसंयोजकमा मालिका गाउँपालिका वडा नं. २ चिउरी बोटकी पार्वती पुन रहेकी छन् । मगंला गाउँपालिका संयोजकमा मंगला गाउँपालिका वडा नं. ५ पाँखुका रामबहादुर बानिया, रघुगंगा गाउँपालिका संयोजकमा रघुगंगा गाँउपालिका वडा नं. ३ मौवाफाटका विष्णु खत्री, अन्नपूर्ण गाउँपालिका संयोजकमा अन्नपूर्ण गाउँपालिका वडा नं. २ भुरुङ तातोपानीका याम वि.क, मालिका गाउँपालिका संयोजकमा मालिका गाउँपालिका वडा नं. ३ किटेनीकी यामुना पटेल, बेनी नगरपालिका संयोजकमा बेनी नगरपालिका वडा नं. ९ तोरीपानी निवासी पल सुन्दास, वरिष्ठ सदस्य तथा सांस्कृतिक संयोजकमा बेनी नगरपालिका वडा नं. ५ चिप्लेटीका राजन खत्री सर्वसम्मत चयन भएका छन् ।

त्यस्तै समितिको वरिष्ठ सदस्यहरूमा क्रमशः मालिका गाउँपालिका वडा नं. ३ डाँडागाउँका कोपिला पटेल, सिर्जना घताने र कल्पना घताने, सोही गाउँपालिका वडा नं. १ रिठेचौरकी सपना पुन, अन्नपूर्ण गाउँपालिका वडा नं.४ गाडपारका भूपेन्द्र पुर्जा, अन्नपूर्ण गाउँपालिका वडा नं. १ दोबाका दिल घताने, मगंला गाउँपालिका वडा नं. ४ का गंगाधर कँडेल रहेका छन् । त्यस्तै कार्यकारिणी सदस्यहरूमा अन्नपूर्ण गाउँपालिका वडा नं. ६ घाराका बिलबहादुर दर्जी, सोही



गाउँपालिका वडा नं.२ भुरुङ तातोपानीका देवी विक, तारा बिक, बेनी नगरपालिका वडा नं. १० पात्लेखेतका भरतबहादुर दर्जी, रघुगंगा गाउँपालिका वडा नं. ३ रानी पौवाका प्रेम बिक, सोही गाउँपालिका वडा नं. ६ कोटगाँउका लालप्रसाद पुन र वडा नं. ३ मौवाफाटका भगवान् भण्डारी रहेका छन् ।

सर्वसम्मत चयन भएको समितिलाई निर्वाचन समितिका संयोजक विक्रम कार्कीले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए । साधारण सभाको उद्घाटन सत्र मोना कतारका अध्यक्ष राजु पौडेलको सभाध्यक्षता र म्याग्दी प्रवासी नेपाली संघका संस्थापक अध्यक्ष तथा हङकङका लागि नेपाल सरकारका तर्फबाट पर्यटन प्रवर्द्धनदूत समेत रहेका प्रकाश पुनको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । साधारण सभालाई सम्बोधन गर्दै प्रमुख अतिथि पुनले मोनालाई अन्तर्राष्ट्रियकरणका खातिर मोना कतारले गरेको त्याग र योगदान अतुलनीय रहेको बताए । उनले म्याग्दी डेभलपमेन्ट ट्रष्ट जिल्लामा दर्ता गरिएको जानकारी दिँदै १८ वर्षभन्दा माथिका र ६० वर्षभन्दा तलका म्याग्देलीले आफ्नो पूरा जीवनमा एक पटक नेपाली १ हजार रुपैयाँ सहयोग गर्ने हो भने आफूले हङकङबाट उक्त ट्रष्टमार्फत करोडौं रकम भित्राएर विकास गर्न सकिने धारणा राखेका थिए ।

साधारण सभामा सहभागी हुन गृह जिल्ला म्याग्दीबाट कतार आएका म्याग्दी जिल्ला भलिबल संघका अध्यक्ष तेजेन्द्र बानियाले म्याग्दीमा अन्तर्राष्ट्रियस्तरको भलिबल कबर्ड हल निर्माण अभियानमा संघ लागिरहेको बताउँदै कतारबाट पनि सहयोगको अपेक्षा गरेको बताए । कतारमा स्थापित विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिको आतिथ्यता रहेको साधारण सभामा गैरआवासीय नेपाली संघ (एनआरएनए) कतारका अध्यक्ष रमेश भट्ट, मोना कतार बहुउद्देश्यीय अक्षयकोषका अध्यक्ष विक्रम कार्की, मोना कतारका संरक्षकद्वय रमेश पौडेल र प्रेम रसाइलीसहित साधारण सभामा बोल्ने वक्ताहरूले आयोजक समाजले सामाजिक तथा मानवीय क्षेत्रमा गरेको कार्यसम्पादनको प्रशंसा गरेका थिए ।

साधारण सभामार्फत भलिबल खेलाडी, सामाजिक व्यक्तित्वहरू, सिंगो कार्यसमिति, संस्थाका संरक्षक, सल्लाहकारहरू, विशिष्ट अतिथिसहित प्रमुख अतिथिलाई दोसल्ला र मायाको चिनोले सम्मान गरिएको थियो । साधारण सभामा पञ्चेबाजा समूहको बाजामा हलमा उपस्थित सबै नाचेका थिए । कतारमा रहेका कलाकारहरू यामुना पटेल, सुधा परियार, बाबु कौसल, रेष्मी सेन्चुरी र अनिता परियारले सांगीतिक प्रस्तुति दिएका थिए । सांगीतिक प्रस्तुति दिने कलाकार र पञ्चेबाजा समूह नगदसहित सम्मान पत्रले सम्मानित भएका छन् ।

प्रवासबाट खोलिने डिम्याट खाता, आईपीओ, बैंकिङ प्रणालीबाट रेमिट्यान्सलगायतका विषयमा नबिल बैंकका रिलेशनसिप मेनेजर दीपेन्द्र पौडेल र कतारमा रहँदै गर्दा श्रम नवीकरण, सामाजिक सुरक्षा कोषको महत्त्व र लाभका बारेमा सामाजिक व्यक्तित्व अर्जुन पौडेलले आफ्ना धारणाहरू उपस्थितका बीचमा राखेका थिए ।

लोकप्रिय समाचारका कतार संवाददाता दर्शन सुनार, नेपालीजनता खबर डट कमका कतार संवाददाता प्रकाश दर्नाल र मध्यान्हकर्मीलाई मोना कतारका लागि समय र शब्द खर्च गरेर समाचारमार्फत प्रचार प्रसार गरी सहयोग गरेकोमा नगदसहित सम्मानपत्रले सम्मान गरिएको थियो । विधिवतरूपमा पञ्चेबाजाको नराहासहित ब्यानर अनावरण, दीप प्रज्वलन, राष्ट्रिय गान, कतार तथा प्रवासमा मृत्यु भएका सबै म्याग्देली तथा नेपालीसहित शहीदहरूका नाममा एक मिनेट मौन धारण, वार्षिकोत्सवको केक काटेर शुभारम्भ गरिएको साधारण सभामा मोना कतारका प्रथम उपाध्यक्ष हेम बानियाँले स्वागत मन्तव्य राखेका थिए । नृत्यांगना यामुना पटेलले म्याग्दी जिल्लामा जन्मिएको मौलिक थाली नाचद्वारा स्वागत नृत्य पेस गरेकी थिइन् भने कार्यक्रमको सहजीकरण गर्दै महासचिव शिव खड्काले कार्य प्रगति तथा आयव्यय पेस गरेका थिए । खड्काले संघले कार्यकालभरि ८७ हजार ७ सय ६२ रुपैयाँ आम्दानी गर्दै ८१ हजार ५ सय ३९ खर्चंदै ६ हजार २ सय २३ रियाल संस्थामा बचत रहेको आयव्यय पेस गरेका थिए ।

साधारण सभाको उद्घाटन सत्रको समापन गर्दै सभाध्यक्ष पौडेलले मोना कतारका संस्थापकदेखि आफ्नो कार्यकालको अन्तिम दिनसम्म साथ सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे । पौडेलले मोना कतारको संरक्षकत्वमा स्थापित मोना कतार बहुउद्देश्यीय अक्षयकोषको हितमा पनि नयाँ समितिले काम गर्ने विश्वास व्यक्त गरेका थिए ।

**Bulingtar Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Bulingtar, Nwalparasi (East)**
**Gandaki Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of first publication : 2081/09/21 (January 05, 2025)**
**Date of Second publication : 2081/10/27 (February 09, 2025)**

1. ***Bulingtar Rural Municipality, office of Rural Municipal Executive Bulingtar, Nawalparasi (East)*** invites electronic bids from Nepalese eligible bidders for the Construction of Various Works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the ***Office of Rural Municipal Executive Bulingtar, Nawalparasi (East)*** or may PPMO's e-GP system ***www.bolpatra.gov.np/egp.***

| S. No. | Contract ID No. | Description of Works | Estimated Amount (Without VAT & Contingencies) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1. | Bul/NCB/ W/13/ 081/82 | Construction of Construction Gorakhnath Basic School, Bulingtar-5 Raikot. | 2596360.43 | 83000.00 | 3000.00 |
| 2. | Bul/NCB/ W/14/ 081/82 | Bulingtar Irrigation Project, Bulingtar-3 | 3454200.45 | 108000.00 | 3000.00 |

***Information to deposit the cost of bidding document in Bank:***
***Name of the Bank:*** Nabil bank, Bulingtar Branch
***Name of Office:*** Bulingtar Rural Municipality
***Account no.:*** 23301017500043
***Name of Account:*** BULINGTAR GA.PA 1.1 AANTARIK RAJASWO KHATA

**Chief Administrative Officer**

**बान्नीगढी जयगढ गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जयगढ, अछाम**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/१०/२७**

बान्निगढी जयगढ गाउँपालिका अन्तरगत वडा नं. ०५ कालिकाको सुकिबाग लिडी हुदै थालाकोट खेलमैदानसम्म सडक निर्माण कार्यका लागि विद्युतिय बोलपत्र पेश गर्ने मिति २०८१/०९/१३ मा प्रथम पटक प्रकाशित सूचना अनुसार विभिन्न मितिमा इजिपि मार्फत पेश भएका बोलपत्रहरुको बलपत्र आव्हान सम्बन्धी कागजात, सार्वजनिक खरिद नियमावली, (संशोधन सहित) २०६४ को नियम १४७ (१) अनुसारको मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन र सो को प्रतिबेदनको आधारमा तपशिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ मा रहेको प्रयोजनार्थ न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही तपशिलको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशय जानकारि गराईएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्रमा ऐनको दफा ४७ अनुसारको कुनै निवेदन यस कार्यालयमा दर्ता हुन नआएमा तल उल्लेखित निर्माण व्यावसायी मार्फत खरिद प्रकृया अगाडि बढाईने व्याहोरा समेत सम्वन्धित सबैको जानकारिको लागि आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | बोलपत्र नम्वर | कामको विवरण | छनौट भएको बोलपत्रको नाम र ठेगाना | कबोल रकम (भ्याट र पि.एस सहित) |
|---|---|---|---|---|
| 1. | BJRM/NCB/WORK /2081-082/02 | Construction of Sukibagh Lidi Hudai Thalakot Khelmaidan samman Sadak Nirman | M/S Bhagat Construction Achham | 49,48,545.28 |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२७ माघ २०८१ आइतबार
9 February 2025, Sunday

## सम्पादकीय

# देखिनुपर्ने विपक्षी

सामाजिक संजाल संचालन एवं नियमन गर्न सरकारले तयार पारेको विधेयक त्रुटिपूर्ण र आपत्तिजनक छ । त्यो विधयेक जस्ताको त्यस्तै पारित हुने हो भने संविधानप्रदत्त नागरिकको अधिकार खोसिने छ जबकि संविधानले बिनाअवरोध आफ्ना कुरा राख्न पाउने अधिकार प्रत्याभूत गरेको छ । तर, सामाजिक संजालका माध्यमबाट नागरिकलाई बोल्न रोक लगाउने नियत राखेरै विधेयक तयार पारिएको छ । विशेषगरी सरकारप्रति प्रश्न उठाउनै नसकिनेगरी अनेक बुँदामा जेल र जरिमानाको व्यवस्था राखेर विधेयक तयार पारिएको छ । संविधानको प्रस्तवनामै रहेको पूर्ण प्रेस स्वतन्त्रताको अधिकारसमेत कानुन बनाएर खोसिँदै छ । तसर्थ, संशोधन नगरी विधेयक अगाडि बढाउन संभव छैन तर विधेयक संशोधन गर्नेतर्फ राजनीतिक नेतृत्वले ठोस पहलकदमी अगाडि बढाएको छैन ।

सरकारका प्रवक्ताले राष्ट्रियसभामा दर्ता गरेको विधेयक भएकाले संशोधनको पहल विपक्षी दलहरूबाट गरिनुपर्ने हो तर केहीबाहेक विपक्षी दलहरूले औपचारिक विरोधसमेत गरेका छैनन् । रास्वपाले निकै ढिलोगरी वक्तव्य जारी गरेर विधेयक संशोधनको माग राख्यो तर नेकपा (माओवादी केन्द्र), राप्रपा, एकीकृत समाजवादीलगायत विपक्षीहरूले औपचारिक रूपले विरोध जनाएका छैनन् । भलै, संसद्मा आपत्ति जनाएका छन् । पूर्वप्रधानमन्त्री एवं प्रमुख विपक्षी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभा बैठकमा सम्बोधन गर्दै यो विधेयकप्रति असन्तुष्टि जनाएका छन् । रास्वपाका सांसदले पनि विरोधको स्वर उठाएका छन् । तर, विधेयक संशोधन गर्न औपचारिक निर्णय र अभिलेख अहिलेसम्म तयार हुन सकेको छैन ।

बरू विधेयको बचाउमा सत्तापक्षकै आवाज चर्कोगरी सुनिएको छ । सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेका नेताहरूले माओवादीको विरोधमा सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । प्रचण्ड प्रधानमन्त्री हुँदा टिकटक प्रतिबन्ध लगाउने माओवादीले अहिले सरकारमाथि आरोप लगाउन नसुहाउने एमाले नेताहरूको तर्क छ । एमाले नेताहरूको तर्क कस्तो सुनिन्छ भने, प्रचण्डले टिकटक प्रतिबन्ध लगाएकाले यो सरकारले पनि नागरिकको मुख थुन्नेगरी विधेयक ल्याउन पाउँछ । यस्तो गैरजिम्मेवार कुतर्क एमाले नेताहरूबाट भइरहेको छ । प्रधानमन्त्रीको बचाउमा उनीहरूले कुतर्क गर्न पनि तयार हुनु ठूलो आश्चर्य होइन बरू अनेक एजेन्डामा मोर्चाबन्दी गरिरहेका विपक्षीहरूबाट अहिलेसम्म विधेयक सच्याउन दबाब दिनेगरी औपचारिक निर्णय नहुनु अचम्मको विषय हो । यस्तो उल्टो बाटोमा दलहरू नहिँडून् । यदि संविधान भत्काउन सरकार र राजनीतिक नेतृत्वले थाल्ने हो भने जनताले रोज्ने विकल्प महँगो पर्न सक्छ ।

# मुलुक विकासका आधार

नेपाल एक बहुजातीय, बहुभाषिक र भौगोलिकरूपमा विविधतायुक्त देश हो । यहाँ अपार प्राकृतिक स्रोत-साधन छ, कृषिका लागि उर्वर भूमि छ, जलविद्युतको विशाल सम्भावना छ, अनि पर्यटनको अथाह अवसरहरु छन् । यति धेरै सम्भावनाका बाबजुद पनि नेपाल आर्थिकरूपमा आत्मनिर्भर बन्न सकेको छैन ।

अग्रलेख



● रूपा अर्याल

यदि नेपालले पारदर्शिता, जवाफदेहिता र कुशल प्रशासनलाई सुनिश्चित गर्न सकेमा विकास प्रक्रियामा तीव्रता आउँछ ।

विकास कुनै जादू होइन, जसले एक रातमै कुनै मुलुकलाई समृद्ध बनाओस् । यो निरन्तरको योजना, लगनशीलता, नीतिहरू र दृष्टिकोणको परिणाम हो । संसारभरका विकसित देशहरूलाई हेर्दा तिनका सफलताको पछाडि निश्चित आधारहरू देखिन्छन्, जसले तिनलाई आर्थिक, सामाजिक र राजनीतिकरूपमा सबल बनाएको छ । नेपाल जस्तो विकासशील देशका लागि पनि यस्ता आधारहरूको सही पहिचान गर्दै, व्यवस्थित रूपमा तिनको कार्यान्वयन गर्न सकियो भने मात्र देश दिगो विकासको मार्गमा अघि बढ्न सक्छ ।

नेपाल एक बहुजातीय, बहुभाषिक र भौगोलिकरूपमा विविधतायुक्त देश हो । यहाँ अपार प्राकृतिक स्रोत-साधन छ, कृषिका लागि उर्वर भूमि छ, जलविद्युतको विशाल सम्भावना छ, अनि पर्यटनको अथाह अवसरहरू छन् । यति धेरै सम्भावनाका बाबजुद पनि नेपाल आर्थिकरूपमा आत्मनिर्भर बन्न सकेको छैन । हाम्रा नीति निर्माणमा कमजोरी, अस्थिर राजनीतिक अवस्था, आर्थिक स्रोतहरूको असन्तुलित प्रयोग र सुशासनको अभावका कारण नेपाल अझै पनि धेरै आर्थिक समस्याहरूबाट गुज्रिरहेको छ ।

विकास भनेको केवल ठूला पूर्वाधार निर्माण वा आर्थिक वृद्धिदरको वृद्धिमा मात्र सीमित हुँदैन । यसमा सामाजिक न्याय, वातावरणीय सन्तुलन, प्रविधिको प्रयोग र समावेशीकरण जस्ता पक्षहरू पनि उत्तिकै महत्वपूर्ण हुन्छन् । त्यसैले, मुलुक विकासका मुख्य आधारहरूलाई बहुआयामिक रूपमा बुझ्न आवश्यक छ । नेपाललाई आर्थिक, सामाजिक र वातावरणीय रूपमा दिगो रूपमा अघि बढाउनका लागि के-कस्ता पक्षहरू आवश्यक छन् भन्ने विषयमा विस्तृत रूपमा विचार गर्नु जरुरी छ ।

नेपाल जस्तो मुलुकको सन्दर्भमा मुख्य रूपमा ८ वटा आधारहरू विकासका मुख्य खम्बा बन्न सक्छन्- आर्थिक सुदृढीकरण, पूर्वाधार निर्माण, शिक्षा तथा मानव संसाधन विकास, सुशासन र स्थिर राजनीति, सामाजिक समावेशिता, औद्योगिक विकास, पर्यटन प्रवर्द्धन र वातावरण संरक्षण । यी आधारहरू सन्तुलित रूपमा अघि बढ्न सके मात्र नेपाल समृद्ध राष्ट्र बन्न सक्छ ।

### आर्थिक सुदृढीकरण

आर्थिक विकास मुलुकको मेरुदण्ड हो । कुनै पनि देशको विकासको मूल आधार उत्पादनशक्ति, रोजगारी सिर्जना र आर्थिक स्थायित्व हो । नेपालमा कृषि, पर्यटन, जलविद्युत्, सूचना प्रविधि र औद्योगिक क्षेत्रहरूमा लगानी वृद्धि गर्न सकेमा देशको आर्थिक अवस्था मजबुत बन्न सक्छ । अहिले पनि नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान उच्च छ । तर, परम्परागत कृषिका कारण अपेक्षित उत्पादन वृद्धि हुन सकेको छैन । आधुनिक प्रविधिको प्रयोग, व्यावसायिक कृषि र निर्यातमुखी उत्पादनले मात्र कृषिमा समृद्धि ल्याउन सक्छ ।

यस्तै, लगानीमैत्री वातावरण सिर्जना गर्न सकेमा निजी क्षेत्र, विदेशी लगानीकर्ता र प्रवासी नेपालीहरूले नेपालमा लगानी गर्न सक्छन् । स्थिर नीतिगत संरचना, पारदर्शी नियम र दीर्घकालीन योजनाहरू आवश्यक छन् ।

### पूर्वाधार विकास

विकासको अर्को महत्वपूर्ण आधार पूर्वाधार हो । यातायात, सञ्चार उर्जा, र औद्योगिक पूर्वाधार विकास नभई समग्र मुलुक अघि बढ्न सक्दैन । नेपालमा अझै पनि दुर्गम क्षेत्रहरू सडक यातायातबाट जोडिन सकेका छैनन् । यातायात सञ्जाल विस्तार गरी उत्पादनमुखी क्षेत्रहरूलाई बजारसँग जोड्न आवश्यक छ । यस्तै, ऊर्जाको भरपर्दो आपूर्ति विकासको अर्को महत्वपूर्ण पाटो हो । नेपाल जलविद्युतको अपार सम्भावना भएको मुलुक हो, तर ऊर्जा उत्पादन र वितरणको समस्या कायमै छ । उपलब्ध स्रोतहरूको उचित उपयोग गर्न सकेमा नेपाल ऊर्जामा आत्मनिर्भर बन्न सक्छ । सञ्चार प्रविधिको विकासले डिजिटल अर्थतन्त्रको ढोका खोल्छ । नेपालमा इन्टरनेट पहुँच वृद्धि भए पनि डिजिटल पूर्वाधार अझै कमजोर छ । प्रविधिमैत्री समाज बनाउनु आजको अपरिहार्य आवश्यकता हो ।

### शिक्षा र मानव संशाधन

शिक्षा र सीप विकास मुलुकको दीर्घकालीन उन्नतिको आधार हो । नेपालमा शिक्षाको पहुँच त बढेको छ, तर गुणस्तरीय शिक्षा अझै चुनौती छ । व्यावसायिक र प्रविधिमैत्री शिक्षामा जोड दिएर मात्र उत्पादकशील जनशक्ति तयार गर्न सकिन्छ । नेपालमा बेरोजगारीको समस्या गम्भीर छ, तर दक्ष जनशक्ति उत्पादनमा लगानी कम छ । विदेशमा श्रम गर्न जाने युवाहरू प्रायः न्यून सीप भएका छन् । व्यावसायिक तालिम, प्रविधि शिक्षा र रोजगारी केन्द्रित कार्यक्रमहरूलाई बल दिनु आवश्यक छ ।

### सुशासन

राजनीतिक स्थिरता र सुशासनबिना मुलुकको दिगो विकास सम्भव छैन । नेपाल जस्तो बहुदलीय लोकतन्त्र भएको मुलुकमा राजनीतिक अस्थिरता नै विकासको मुख्य बाधा बनेको छ । बारम्बार सरकार परिवर्तन, दीर्घकालीन नीति नहुनु र भ्रष्टाचारका कारण लगानीकर्ता समेत हतोत्साहित भएका छन् । सुदृढ कानुनी व्यवस्था, पारदर्शी शासन, भ्रष्टाचार नियन्त्रण र प्रभावकारी सार्वजनिक सेवा प्रवाहले मात्र राज्यप्रति जनताको विश्वास बढ्छ । विकासका लागि जवाफदेही नेतृत्व अपरिहार्य छ ।

### समावेशिता र न्याय

विकास सर्वसमावेशी हुनुपर्छ । कुनै पनि समाजमा जातीय, लैंगिक, क्षेत्रीय, वा वर्गीय विभेद रहिरहेसम्म दिगो विकास सम्भव हुँदैन । नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो । सबै नागरिकलाई समान अवसर उपलब्ध गराउने नीति आवश्यक छ । सीमान्तकृत समुदायको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्नुपर्ने हुन्छ । महिला, दलित, जनजाति, मधेसी, अपांगता भएका व्यक्ति र अन्य वञ्चित समुदायहरूलाई समेट्ने नीतिहरू निर्माण गर्नु अनिवार्य छ ।



### औद्योगिक विकास

नेपालमा घरेलु तथा साना उद्योगहरूलाई प्रवर्द्धन गर्न सके मात्रै उत्पादनशील अर्थतन्त्रको विकास सम्भव छ । आत्मनिर्भर अर्थतन्त्रको आधार स्वदेशी उत्पादन र औद्योगिकीकरण हो । नेपालमा प्रशस्त प्राकृतिक स्रोतहरू छन्, तर कच्चा पदार्थ निर्यात र तयारी वस्तु आयात गर्ने प्रवृत्तिले अर्थतन्त्रलाई कमजोर बनाएको छ । उद्योग सञ्चालनका लागि आवश्यक नीतिगत सुधार, लगानी वातावरण सुधार र प्रविधिमा पहुँच बढाउनु आवश्यक छ ।

### पर्यटन प्रवर्द्धन

नेपाललाई चिनाउने प्रमुख माध्यममध्ये पर्यटन एक हो । प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, धार्मिक स्थल र साहसिक पर्यटन नेपालका प्रमुख सम्पत्ति हुन् । तर, नेपालमा पर्यटन क्षेत्र अझै व्यवस्थित हुन सकेको छैन । अन्तर्राष्ट्रिय स्तरको प्रवर्द्धन, पर्यटन पूर्वाधार विकास तथा स्थिर सुरक्षा नीतिहरू आवश्यक छन् । ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्दै विविध पर्यटन गन्तव्य विकास गर्न सकिन्छ ।

### वातावरण संरक्षण र दिगो विकास

पर्यावरणीय सन्तुलनबिना कुनै पनि विकास स्थायी हुँदैन । जलवायु परिवर्तन, प्राकृतिक स्रोतहरूको अन्धाधुन्ध दोहन, र प्रदूषण जस्ता समस्याहरू नेपालमा पनि गम्भीर रूपमा देखिन थालेका छन् । वन संरक्षण, हरित ऊर्जा प्रवर्द्धन, दिगो कृषि प्रणाली र प्राकृतिक स्रोतहरूको जिम्मेवार उपयोगले मात्र समुचित विकास सम्भव हुन्छ । विकासलाई वातावरणमैत्री बनाउन सकिएन भने दीर्घकालीन समस्या निम्तिन सक्छ ।

### निष्कर्ष

नेपाल जस्तो विकासशील मुलुकलाई समृद्धिको दिशामा अघि बढाउन बहुआयामिक विकास रणनीति आवश्यक छ । मुलुकको आर्थिक सुदृढीकरण, पूर्वाधार निर्माण, शिक्षा सुधार, सामाजिक समावेशिता, औद्योगिक प्रवर्द्धन, सुशासन, पर्यटन विकास र वातावरणीय सन्तुलनजस्ता विषयहरूलाई सन्तुलित रूपमा अघि बढाउनु अत्यावश्यक छ ।

आज नेपालले भोगिरहेको आर्थिक निर्भरता, बेरोजगारी, राजनीतिक अस्थिरता र कमजोर पूर्वाधारको समस्याबाट मुक्त हुनका लागि आफ्ना प्राथमिकताहरू स्पष्ट हुनुपर्छ । पहिलो चरणमा आत्मनिर्भर अर्थतन्त्रको मार्ग अवलम्बन गर्दै उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्नुपर्छ । कृषि, जलविद्युत्, पर्यटन र सूचना प्रविधि जस्ता क्षेत्रलाई आधुनिक बनाउँदै स्वदेशी उद्योगहरूलाई प्रवर्द्धन गर्नु आवश्यक छ । सरकारी, निजी र सहकारी क्षेत्रबीच समन्वय गरी दीर्घकालीन योजना बनाउनुपर्छ ।

राजनीतिक स्थायित्व र सुशासन नै विकासको मूल चाबी हो । बारम्बारको सरकार परिवर्तन, नीति निरन्तरताको अभाव र भ्रष्टाचारका कारण विकासका प्रयासहरू प्रभावकारी हुन सकेका छैनन् । यदि नेपालले पारदर्शिता, जवाफदेहिता र कुशल प्रशासनलाई सुनिश्चित गर्न सकेमा विकास प्रक्रियामा तीव्रता आउँछ । सँगै, शिक्षा र मानव संसाधन विकासले मात्र समाजलाई सशक्त बनाउन सक्छ । नेपालमा शिक्षाको पहुँच त बढेको छ, तर गुणस्तर सुधार गर्न नसक्दा दक्ष जनशक्ति उत्पादनमा चुनौती देखिएको छ । व्यावसायिक र प्रविधिमैत्री शिक्षालाई जोड दिँदै युवा जनशक्तिलाई उत्पादकशील क्षेत्रमा संलग्न गराउनु अहिलेको आवश्यकता हो ।

नेपालको विकास सम्भावना उच्च छ, तर यसलाई वास्तविकतामा बदल्न सही नीति, योजनाबद्ध कार्यान्वयन र दीर्घकालीन सोच आवश्यक छ । मुलुकको आर्थिक आत्मनिर्भरतासँगै सामाजिक न्याय, राजनीतिक स्थिरता, र वातावरणीय सन्तुलनको सुनिश्चितता हुनुपर्छ । नेपाललाई समृद्ध बनाउनका लागि राज्य, निजी क्षेत्र, नागरिक समाज र जनताबीच सहकार्य हुनुपर्छ । जब हाम्रा स्रोत-साधनहरूलाई योजनाबद्ध रूपमा परिचालन गरिन्छ, सक्षम जनशक्ति उत्पादन गरिन्छ, र राजनीतिक स्थिरतासहित दीगो विकासलाई प्राथमिकता दिइन्छ, तब मात्र नेपाल समृद्धि र स्थायित्वतर्फ अघि बढ्न सक्छ ।

## इतिहासमा आज

८ फेब्रुअरी १५८७ मा इङ्ल्याण्डकी रानी एलिजाबेथ प्रथमकी काकाकी छोरी मेरीलाई उनको काकाको हत्याको षड्यन्त्र रचेको आरोपमा टाउको काटिएको थियो ।



८ फेब्रुअरी १९७१ मा विश्वको पहिलो इलेक्ट्रोनिक स्टक एक्सचेन्ज अमेरिकीमा सुरुवात भएको थियो ।



८ फेब्रुअरी २०१४ मा पहिलो म्याकडोनाल्ड रेस्टुरेन्ट, जसलाई प्रायः अमेरिकी पूँजीवादको प्रतीकको रूपमा हेरिन्छ, कम्युनिस्ट शासित भियतनाममा खोलिएको थियो ।



८ फेब्रुअरी १९१५ मा 'द बर्थ अफ अ नेसन' इतिहासको सबैभन्दा विवादास्पद तर प्रभावशाली फिल्महरू मध्ये एक, जसको प्रिमियर भएको थियो ।



# इस्लामी समाजको निर्माणमा नारी

विचार



● कमरूद्दीन रियाजी

इस्लामी समाजको निर्माणमा महिलाहरूको भूमिका पुरुषहरु भन्दा कुनै पनि प्रकारले कम छैन । आमा, बहिनी, पत्नी र छोरीको रूपमा तिनीहरुले इस्लामी मूल्य मान्यताहरुको प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्छन् ।

निःसन्देह, इस्लामी समाज एक आदर्श समाज हो, जसको आधार न्याय, परहेजगारी, भ्रातृत्व र नैतिक मूल्यहरूमा हुन्छ । यो समाजको निर्माणमा पुरुषहरू जत्तिकै नारीहरूको भूमिका पनि अत्यन्त महत्त्वपूर्ण छ । इस्लामले महिलालाई जुन सम्मानजनक स्थान प्रदान गरेको छ, त्यो कुनै पनि अन्य संस्कृतिमा पाइँदैन । नारी केवल कोमल स्वभावकी व्यक्ति मात्र नभई, सन्ततिहरूको पालन-पोषण, सामाजिक विकास र धार्मिक तथा बौद्धिक उन्नतिमा मुख्य भूमिका खेल्ने शक्ति पनि हुन् । यहाँ इस्लामी समाजको निर्माणमा मुस्लिम नारीहरूको प्रमुख भूमिकाबारे संक्षेपमा चर्चा गरिएको छ ।

### महिलाको भूमिका

परिवार कुनै पनि समाजको आधारभूत एकाइ हो र नारी यसको मुख्य निर्माता हुन् । एक सद्गुणी, धार्मिक र सचेत आमाले मात्र यस्ता पुस्ता तयार गर्न सक्छिन्, जसले इस्लामी मूल्य मान्यतामा चल्दै समाजमा सुधार ल्याउन सक्छन् । नबी करीम (सल्लल्लाहु अलैहि वसल्लम)ले भनेका छन्, 'तिमीहरू प्रत्येक जना जिम्मेवार हौ र तिमीहरूको जिम्मेवारीको बारेमा तिमीहरूलाई सोधिनेछ । एक महिला आफ्ना पतिका घर र सन्तानकी रक्षक हुन्, र तिनको जिम्मेवारीबारे तिनलाई प्रश्न गरिनेछ ।'

यस हदीसले यो सत्य उजागर गर्छ कि नारीहरू केवल शारीरिक हेरचाहको मात्र होइन, बरु नैतिक, आध्यात्मिक र बौद्धिक प्रशिक्षणको पनि उत्तरदायी हुन्छन् ।

इस्लामले नारी शिक्षालाई पुरुष शिक्षा जत्तिकै महत्त्व दिएको छ । नबी करीम (सल्लल्लाहु अलैहि वसल्लम)ले भनेका छन्, 'ज्ञान प्राप्त गर्नु प्रत्येक मुस्लिम पुरुष र महिलामाथि अनिवार्य छ ।' शिक्षित महिलाहरूले मात्र आफ्ना सन्तानहरूको सही मार्ग निर्देशन गर्न सक्छन्, साथै समाज सुधार, नेतृत्व र विकासमा प्रभावकारी भूमिका खेल्न सक्छन् । इस्लामी इतिहासमा, हजरत आयशा (र.अ.), हजरत फातिमा (र.अ.), हजरत अस्मा बिन्त अबी बक्र (र.अ.) जस्ता महान महिलाहरूले फिकह, हदीस, चिकित्सा र शिक्षाको क्षेत्रमा उत्कृष्ट योगदान दिएका छन् ।

महिलाहरू इस्लामी मूल्यमान्यता र नैतिकता संरक्षण गर्ने प्रमुख अभिभावक हुन् । तिनको लज्जाशीलता, शुद्धता र नैतिकता समाजमा स्थिरता र सद्गुण फैलाउन मद्दत गर्छ । कुरानमा अल्लाह तआला भन्छन्, 'मुस्लिम पुरुषहरू र मुस्लिम महिलाहरू एकअर्काका सहायक हुन्, तिनीहरू असल कार्य गर्न आदेश दिन्छन् र नराम्रो कार्यबाट रोक्छन् ।'

यस आयतले महिलाहरूको सामाजिक भूमिकालाई स्पष्ट पार्छ कि तिनीहरू न केवल व्यक्तिगत रूपमा सुधार गर्न सक्छन्, बरु समाजको उत्थानमा पनि योगदान दिन सक्छन् ।

### आर्थिक र राजनीतिक क्षेत्र

इस्लामले महिलाहरूलाई आर्थिक स्वतन्त्रता प्रदान गरेको छ । उनीहरू आफ्नै सम्पत्तिको मालिक हुन सक्छन्, व्यापार गर्न सक्छन् र आफ्ना आवश्यकताहरू पूरा गर्न सक्छन् । हजरत खदीजा (र.अ.) न केवल नबी करीम (सल्लल्लाहु अलैहि वसल्लम) की सम्मानित पत्नी थिइन्, तर एक सफल व्यापारी पनि थिइन् । यसैगरी, हजरत अस्मा बिन्त अबू बक्र (र.अ.) एक बुद्धिमान महिला थिइन्, जसले परिवारको पालनपोषण मात्र गरेनन्, खजूरका बगानहरू पनि व्यवस्थापन गर्थिन् र व्यापारमा संलग्न थिइन् ।

इस्लामी इतिहासमा, महिलाहरूले राजनीतिक क्षेत्रमा पनि महत्त्वपूर्ण भूमिका खेलेका छन् । हजरत आयशा (र.अ.) एक अत्यन्त बुद्धिमान र फिकह तथा हदीसमा विज्ञ महिला थिइन् । खलिफा उस्मान (र.अ.) र हजरत अली (र.अ.)को शासनकालमा तिनले राजनीतिक मामिलाहरूमा महत्त्वपूर्ण भूमिका खेलेका थिए । हजरत उम्मे सलमा (र.अ.), नबी करीम (सल्लल्लाहु अलैहि वसल्लम) की पत्नी, एक असाधारण राजनीतिक सूझबूझ भएकी महिला थिइन् । सुलह-ए-हुदैबियाको घटनामा, जब सहाबाहरू दुविधामा परेका थिए, तब तिनकै सुझावमा नबी करीम (सल्लल्लाहु अलैहि वसल्लम)ले सही निर्णय लिएका थिए ।

इस्लामी इतिहासमा थुप्रै उदाहरणहरू पाइन्छन्, जहाँ महिलाहरूले युद्धमा घाइतेहरूको उपचार, रक्षात्मक सेवाहरू र सामाजिक कल्याणमा उल्लेखनीय भूमिका खेलेका छन् । हजरत रुफैदा अल-असलमिया (र.अ.) मदिनाकी एक कुशल नर्स थिइन्, जसले युद्धहरूमा घाइतेहरूको हेरचाह गर्थिन् ।

### निष्कर्ष


यसबाट स्पष्ट हुन्छ कि इस्लामी समाजको निर्माणमा महिलाहरूको भूमिका पुरुषहरू भन्दा कुनै पनि प्रकारले कम छैन । आमा, बहिनी, पत्नी र छोरीको रूपमा तिनीहरूले इस्लामी मूल्य मान्यताहरूको प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् । यदि महिलाहरू धार्मिक र दुनियावी शिक्षाबाट सुसज्जित हुन्छन्, इस्लामी सिद्धान्तहरूमा अडिग रहन्छन् र सामाजिक भलाइमा भाग लिन्छन् भने एक आदर्श इस्लामी समाजको स्थापना सम्भव छ । इस्लामले महिलालाई प्रदान गरेको अधिकार र सम्मानलाई सही तरिकाले उपयोग गरियो भने मुस्लिम समाज सम्पूर्ण मानव जातिका लागि उत्कृष्ट उदाहरण बन्न सक्छ ।

## सामाजिक सञ्जाल



शर्मिला आचार्य

जुनसुकै संस्थाको चुनावमा कसैले आफ्नो घरबाट ल्याएर पैसा खर्च गर्ने होइन, सम्बन्धित क्षेत्रबाट असुल गर्ने हो । चुनावमा पैसा दिनेले तपाईंलाई किनेको हो, तपाईंको स्वाभिमान किनेको हो । त्यस्तालाई प्रोत्साहित नगर्नुस्, राजनीति, समाज र संस्था आफैँ शुद्धीकरण हुँदै जान्छ ।



राजेन्द्र पोखरेल

अमेरिकाबाट अवैधानिक भारतीयहरूलाई फर्काइदिने तरिका चाहिँ असाध्यै डिस्टर्बिङ नै लाग्यो । हात खुट्टामा हतकडी र बेडी, कति औं, घण्टा त उठ्न र हिँड्न नपाउने अवस्था । घण्टौंको हारगुहार पछि खुट्टा घिसार्दै चर्पी जान चाहिँ दिइएछ । यो लेभलको भारतको राष्ट्रिय अपमान धेरैलाई गढेको हुनुपर्छ ।



सचिन तिमिल्सिना

सामाजिक सञ्जाल विधेयकमा सुधार गर्नैपर्ने छ, तर तपाईंको पुत्ला जलाएकै कारण जमलमा गोली हानी मारिएका काका गणेश चिलवालको परिवार हाँस्दै छ । तपाईंको अभिव्यक्ति स्वतन्त्रताप्रतिको नयाँ मोह देख्दा । जे होस्, सुध्रिनै भएको भए सुरुवात त्यो परिवारसँग माफी मागेर गर्नुस् । नत्र कम्युनिस्टले फ्रिडम अफ स्पिचमा कति विश्वास राख्छन् त जगलाई थाहा छ ।



केदार शर्मा

अमेरिकी सरकारले यूएसएड बन्द गर्नु पछाडिको राजनीतिक मक्सद र त्यसका प्रभावहरूको विशाल परिदृश्य नदेखी नेपालमा 'धर्म परिवर्तन'का लागि आइरहेको पैसा (बिना प्रमाण है त्यो पनि) बन्द भएको भन्दै खुसीयाली प्रकट गर्नेहरूको मति र बुद्धि दुवैलाई 'कठै' भनियो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# २ दलबीच भएको सहमति तलमाथि हुँदैन : देउवा


**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, २६ माघ


नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले गठबन्धन गर्ने बेला दुई दलबीच भएको सात बुँदे सहमति कार्यान्वयन गर्न कांग्रेस-एमाले दुबै पार्टी दृढ विश्वासका साथ अगाडि बढेको बताएका छन् । दाङको दंगीशरण गाउँपालिका वडा नम्बर ३ चखौरास्थित थारु संग्राहलयमा शनिबारदेखि सुरु भएको २ दिने अन्तर प्रदेश स्तरिय थारु सांस्कृतिक तथा रैथाने खाना महोत्सव उद्घाटन गर्दै सभापति देउवाले दुई ठूला पार्टी कांग्रेस-एमाले मिलेर बनेको सरकारको ६ महिनाको अवधिले अर्थतन्त्र लयमा फर्किएको र धेरै राम्रा कामहरुको सुरुवात भएको भएपनि त्यसको प्रतिफल देखिनेक्रम जारी रहेको बताए ।

'धेरै पार्टी मिलेर विगतमा सरकार गठन हुँदा सरकारहरु स्थिरत हुन नसकेकाले ठूला पार्टी बीचको सहमतिले यो सरकार गठन भएको छ । हामी दुवै दल र अन्य राजनीतिक दलहरूको सरकारलाई समर्थन रहेको छ ।'

सरकारले ल्याएको अध्यादेश पास हने देउवाले दाबी गरे । सात बुँदे सहमति कार्यान्वयनमा नेपाली कांग्रेसमा कुनै विवाद नभएकाले सरकार ८४ सम्म निरन्तर रुपमा अगाडि बढ्ने उनको भनाइ छ ।

'सरकारमा सहभागी नभएका तर सरकारलाई समर्थन गरेका सबै राजनीतिक दलहरुको निरन्तर सहयोग सरकारलाई हुन्छ,'देउवाले भने । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्ने यसै व्यवस्थाका माध्यमले मुलुकमा दिगो शान्ति स्थापना गर्दै भ्रष्टाचार नियन्त्रण गर्ने, देशको अर्थतन्त्रलाई चलायमान बनाउँदै आर्थिक प्रगति गर्ने, आर्थिक अवस्थालाई सुदृढीकरण गरी समृद्धि प्राप्त गर्ने सरकारको मुख्य लक्ष्य रहेकोले सोही अनुसार काम गर्न मन्त्रीहरुलाई निर्देशन दिएको देउवाले खुलासा गरे ।

दुई दल मिलेर बनेको संघीय सरकार प्रदेश सरकार अहिले बिग्रिएको अर्थतन्त्रलाई लयमा ल्याउँदै विकास निर्माणका कामलाई द्रुत रूपमा अघि बढाइ जनताको विश्वास जित्नुपर्ने गरी अगाडि बढेको र आगामी दिनमा अझै राम्रो प्रभावकारी ढंगले काम गर्दै जाने विश्वास लिएको उनले बताए ।

देउवाले जनमुखी काम गरेर प्रदेश सरकार जनताको घर नजिकको सरकार हो भन्ने पुष्टि हुने गरी काम गर्न समेत मुख्यमन्त्री लगायत प्रदेश सरकारका मन्त्रीलाई निर्देशन दिए । कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले थारु समुदायको मौलिक कला, संस्कृति संरक्षण गर्दै त्यसलाई आर्थिक आम्दानीसँग जोड्न



आवश्यक रहेको बताए ।

'हाम्रा मौलिक कला संस्कृति संरक्षण गर्दै त्यसलाई थारु समुदायको आर्थिक आम्दानीसँग जोड्न जरुरी छ,'उनले भने,' प्रदेश सरकारले थारु सांस्कृतिक संग्रहालय, होमस्टे सञ्चालनजस्ता कार्यलाई प्राथमिकतामा राखेको छ ।' साथै, यो समुदायका लागि सीप हस्तान्तरणलाई समेत प्राथमिकतामा राखिएको दाबी गरे । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य पूर्व गृहमन्त्री बालकृष्ण खाड, नेपाली कांग्रेसका नेता देबेन्द्रराज कँडेल, नेता दिपक गिरि, लुम्बिनी प्रदेश सरकारका मन्त्रीहरुले सम्बोधन गरेका थिए ।

कार्यक्रममा अध्यक्ष तथा लुम्बिनी प्रदेश सरकारका पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले थारु भाषा, कला, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले दुई दिने महोत्सव आयोजना गरिएको जानकारी दिए ।

'हाम्रो संस्कृति, हाम्रो सान-संस्कृति संरक्षणले बढ्छ देशको मान' भन्ने मूल नाराका साथ कार्यक्रमको आयोजना गरिएको उनले बताए ।

महोत्सवमा दाङ र नवलपरासीको बर्का नाच, कैलालीको मुङग्रहवा र चितवनको थारु नाच प्रस्तुत गरिएको छ । महोत्सवमा सांस्कृतिक प्रतियोगिता एवं थारु लगायत विभिन्न जातजातिका रैथाने परिकारको प्रदर्शनी हुने चौधरीले बताए ।

थारु परिकारमा ढिक्री, अनदी चामलको भात, रोटी, अनदीको झोल, सुँगुरको सेकुवा, सिन्कीका परिकार, आलुको अचार लगायत रैथाने परिकार रहने उनले जानकारी दिए ।

## चेतना संरक्षण प्रतिष्ठानद्वारा विभिन्न क्षेत्रका व्यक्तिहरू पुरस्कृत

**विराटनगर/मस-** चेतना संरक्षण प्रतिष्ठान नेपाल विराटनगरले विभिन्न क्षेत्रका व्यक्तिहरूलाई पुरस्कृत गरेको छ । २०औं वार्षिकोत्सवको अवसर पारेर विराटनगरमा आयोजित विशेष समारोहमा प्रतिष्ठानले साहित्य, पत्रकारिता, धर्मसंस्कृति, कलालगायतका विभिन्न विधाका पुरस्कार वितरण गरेको हो ।

प्रतिष्ठानले १ लाख ५१ हजार नगद राशिको धर्मानन्द-रामप्यारी सिटौला साहित्य चेतना पुरस्कार यस वर्ष साहित्यकार चूडामणि बन्धुलाई समर्पण गरेको छ । त्यस्तै जनही ५१ हजार राशीको बालकिशन/नर्वदादेवी मुन्दडा सनातन मानवीय धर्मसंस्कृति चेतना पुरस्कार भानुभक्त जोशी (बझाङ), ओमप्रकाश गोयल समाजसेवा चेतना पुरस्कार इन्दिरा राना मगर (झापा) लाई प्रदान गरिएको छ । राना मगर प्रतिनिधिसभाकी उपसभामुखसमेत हुन् । त्यस्तै जनही ५१ हजार राशीकै नरेश सुवेदी साहित्यिक पत्रकारिता पुरस्कार पत्रकार कमल पौडेल (मोरङ), भूपेन्द्र-शोभा रिजाल ललितकला चेतना पुरस्कार कलाकार सन्तोष पन्त (काठमाडौं), डा.नरेन्द्र/योगमाया/भवानीशंकर चापागाईं युवा प्रतिभा चेतना पुरस्कार युवा प्रतिभा रामजी राम (रौतहट), केदारनाथ/मञ्जु सत्याल बाल प्रतिभा चेतना पुरस्कार बालप्रतिभा आभाष ढकाल (स्याङ्जा)लाई प्रदान गरिएको छ ।

## २५४औं नगर सफाइ

**काठमाडौं/मस-** ललितपुर चक्रपथ महानगर सफाइ अभियानअन्तर्गत रही शनिबार २५४औं नगर सफाइ कार्यक्रम सम्पन्न भएको छ। ललितपुर चक्रपथ महानगर सफाइ अभियानको २५४ औं हप्ताको कार्यक्रम कुपोन्डोलदेखि कानदेवता हुँदै पुल्चोकसम्म संचालन गरिएको हो । सफाइ कार्यक्रममा बोल्दै ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले स्वच्छ, सफा,मेरो धर्ती, मेरो दायित्व,मेरो जिम्मेवारी भन्ने भावना जागृत गराउँदै नागरिकलाई सूसुचित गराउन सके वातावरण सरसफाइ अभियान दीर्घकालीन रुपमा नै सफल हुने उल्लेख गरे । आफूले गरेको फोहोरको व्यवस्थापन व्यक्ति तथा समुदाय आफैंले गर्न सकेमा फोहोरमैला व्यवस्थापन सहज बन्दै जाने पनि उनको भनाइ थियो ।

कार्यक्रममा सफाइ अभियानका संयोजक लक्ष्मी प्रसाद गेलाल र उप-संयोजक तथा सफाइ अभियन्ता सहदेव राउतले सफाइ जागरण बढाउँदै फोहोरलाई उचित व्यवस्थापन गर्न र नागरिक ससशक्तिकरणका लागि यो अभियान संचालन गरिएको बताए ।


**Invitation for Sealed Quotations (RE-Quotation)**

# Sigas Rural Muncipality
## Office of the Rural Municipal Executive

**Garje, Baitadi**
**Sudurpaschim province, Nepal**
**Date of publication: 2081/10/27 (Feb. 9, 2025)**

**Invitation for Quotations for the Procurement of Veterinary Medicine in Sigas, Baitadi.**

The Sigas Rural Municipality invites sealed quotations for the Procurement of Veterinary Medicine in Sigas, Baitadi through **Ebidding Process.**

1. Eligible Bidders may obtain further information at our office **website at sigasmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np**
2. **Bidders should deposit the cost of bidding document in the following account**
   **Name of the Bank : Agricultural Development Bank, Sigas Branch Baitadi.**
   **Name of Office : Sigas Rural Municipality.**
   **Office Code no. : 80107346 Office Account no. : 0826601983059031 Aantarik Rajaswa khata**
   **(Note that : Please make the bid document payment of bid purchase by filling the format of ADBL Bank को स्थानिय तहको राजस्व दाखिला फारम अनुसूची-२४)**
   **Rajaswa (revenue) Shirshak no. : 14229**

**Note:**
(As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required) Details work

| S. N. | Contract no | Description of work | Estimated without VAT Amount (Nrs) | Bid Security Amount (Nrs) | Bid submission last date | Bid Open date and time |
|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/SQ/ GOODS/VMS/ RE-02/2081/82 | Procurement of Veterinary Medicine in Sigas, Baitadi | **796007.67** | **21000.00** 0826601983059074 (Dharauti Khata) | 2081/11/12 (Feb 24, 2025) 12:00 pm | 2081/11/12 (Feb 24, 2025) 1:00 pm |

**Chief Administrative Officer**



# गैंडाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०८१/१०/२७)**

यस कार्यालयबाट मिति २०८१/१०/१३ मा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा फरक पर्न गएको हुँदा बोलपत्र मूल्याङ्कन समितिको निर्णय अनुसार तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिएकाले स्वीकृतिको आशयको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको विवरण | जम्मा कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| 07/GM/ NCB/2081-082 | Construction of Structures for Dhodeni Lifting Irrigation Project at Ward no 3 of Gaindakot Municipality | Kaligandaki Nirman Sewa, Bulingtar-3, Nawalpur | रु. ६१,८६,७१०।०६ |

**प्रमुख प्रशासकीय अधिकृत**



# बुद्धभूमि नगरपालिका
## नगर कार्यपालिका कार्यालय

**हनुमान चोक-बुड्डी, कपिलबस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति :- २०८१/१०/२७**

यस कार्यालयबाट मिति २०८१ पुष २३ गतेको प्रकाशित सूचना अनुसार तपसील बमोजिमको खरिद गर्ने योजना कार्यका लागि बिधुतिय माध्यमबाट बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकासन गरिएकोमा म्यादभित्र सिस्टममा रित पुर्बक दर्ता हुन आएका बोलपत्र मध्य तपशिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मूल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही रहेका भनि बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भै आएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा नगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७६ को नियम ६३ को प्रयोजनार्थ सम्बन्धितहरुको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकासित गरिएको छ ।

| क्र.सं. | ठेक्का नम्बर | बिबरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट सहित) रु |
|---|---|---|---|---|
| 1 | 26/BM/POG/ 2081/082 | Purchases Of Computer, Printer, Scanner, Tonner and Other accrssories | श्री Loyal Computer and Suppliers, Rupandehi | 15,49,117.00 |

**प्रमुख प्रशासकीय अधिकृत**



# Terhathum Power Company Limited
KMC Ward No 9, Battisputali, Kathmandu
Phone No: 01-4253387 | Email:terhathumpc@gmail.com

**UNAUDITED FINANCIAL RESULTS**

**Statement Of Financial Position** *Figure in NPR*

| Particulars | This Quarter Ending 29 Poush 2081 | Previous Quarter Ending 30 Ashoj 2081 | Corresponding Previous Quarter Ending 29 Poush 2080 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non current Assets** | | | |
| Property Plant and Equipment | 2,787,999 | 2,499,295 | 1,092,680 |
| Intangible Assets | 1,106,801,221 | 1,117,818,179 | 1,150,869,057 |
| Intangible Assets Under Development | 27,633,769 | 30,523,005 | 27,454,975 |
| Investment | 4,750,000 | - | - |
| **Other Non Current Assets** | - | - | - |
| **Total Non Current Assets** | **1,141,972,989** | **1,150,840,479** | **1,179,416,712** |
| Current Assets | | | |
| Trade & Other Receivables | 12,447,614 | 54,444,012 | 10,487,423 |
| Cash and Cash Equivalent | 26,921,178 | 1,051,047 | 38,392,354 |
| **Other Current Assets** | **25,293,997** | **26,366,680** | **25,712,829** |
| **Total Current Assets** | **64,662,788** | **81,861,738** | **74,592,605** |
| **Total Assets** | **1,206,635,777** | **1,232,702,218** | **1,254,009,317** |
| **Equity and Liability** | | | |
| Equity | | | |
| Share Capital | 400,000,000 | 400,000,000 | 400,000,000 |
| **Reserve and Surplus** | **(137,119,602)** | **(130,431,166)** | **(138,998,992)** |
| **Total Equity** | **262,880,398** | **269,568,834** | **261,001,008** |
| **Liability** | | | |
| Non Current Liabilities | | | |
| **Loans and Borrowings (Long Terms)** | **885,136,564** | **905,083,641** | **926,137,711** |
| Total Non Current Liabilities | 885,136,564 | 905,083,641 | 926,137,711 |
| Current Portion of Long Terms Borrowing | 42,237,052 | 42,237,052 | 42,000,000 |
| Short Term Loan & Borrowing | - | - | 10,000,000 |
| **Trade and other Payables** | **12,485,766** | **11,849,170** | **10,926,122** |
| **Other Current Liabilities** | **3,895,997** | **3,963,521** | **3,944,477** |
| **Total Current Liabilities** | **58,618,815** | **58,049,743** | **66,870,599** |
| **Total Liability** | **943,755,379** | **963,133,384** | **993,008,309** |
| **Total Equity and Liability** | **1,206,635,777** | **1,232,702,218** | **1,254,009,317** |

**Statement of Profit or Loss**

| Particulars | Upto this Quarter Ending | Upto previous Quarter Ending | Upto Corresponding previous Quarter Ending |
|---|---|---|---|
| **Revenue from operation** | **108,877,387** | **82,717,170** | **90,104,828** |
| Cost of Sales | 27,302,779 | 14,440,169 | 28,644,812 |
| **Gross Profit** | **81,574,607** | **68,277,001** | **61,460,016** |
| Other Income | | | |
| Administrative Expenses | 2,269,798 | 794,938 | 1,882,439 |
| Depreciation and Amortization Expenses | 185,649 | 158,757 | 133,886 |
| **Profit From Operations** | **79,119,160** | **67,323,306** | **59,443,692** |
| Finance Cost | 39,355,315 | 21,290,259 | 52,981,286 |
| **Profit Before Tax** | **39,763,845** | **46,033,046** | **6,462,405** |
| Income Tax Expenses | | | |
| **Profit from Continuous Operations** | **39,763,845** | **46,033,046** | **6,462,405** |
| Profit/(Loss) on Discontinue Operation (Net of Tax) | | | |
| **Net Profit for the Period** | **39,763,845** | **46,033,046** | **6,462,405** |
| Earning Per Share Annualized | 19.88 | 46.03 | 3.23 |
| Market Value Per Share | 534.00 | 489.90 | 603.90 |
| Price Earning Ratio | 26.86 | 10.64 | 186.90 |
| Current Ratio | 1.10 | 1.41 | 1.12 |
| Net Worth Per Share | 65.72 | 67.39 | 65.25 |

**Notes:**
1. The above mentioned figures are subject to change during statutory audit of the books of accounts
2. Previous period figures have been reclassified/adjusted wherever considered necessary

**Second quarter disclosure as of 29 Poush 2081**
**As per Securities Registration and Issue Regulations, 2073**

1. **Financial Statements**
   The unaudited financial statements for the Second quarter and the financial ratios have been published along with this report
2. **Management Analysis**
   - The company has successfully commenced the commercial operation of 7.5 MW Upper Khorunga Khola Small Hydropower Project. After completion of transmission line the company was able to sale its produced energy to NEA in Take and Pay Basis effective from 10 Bhadra 2078. After full completion of the transmission line company would be able to sale the energy on Take or Pay basis.
   - Decrease in flow of water along with Decrease in energy production is Decreasing the company performance compared to previous quarter.
   - Till quarter end no other incident or situation has been seen adversly affecting the financial affairs of the company
3. **Legal Proceedings**
   - Case filed or filed against the company during the quarter, if any: A former director of the company has filed case in the Patan High Court against both the company and the borrowing banks, asserting that neither the company nor the banks have the authority to block the sale of his shares on the grounds of a personal guarantee provided to bank as a director during his tenure.
   - Case filed or filed against the company or its promoter or director for violation of prevailing law or commission of criminal offence, if any- None
   - Case relating to commission of financial crime against any director or promoter- None
4. **Analysis of Share Transactions**
   - Shares of the company were actively traded during the quarter
   - Major highlights of share transaction during the quarter are as follows: Maximum Price- Rs 595 Minimum Price- Rs 446 Closing Price- Rs 534 Transactions Days 55 No of Transactions-12,523 Total Traded Volume-2,008,790 Total Turnover-1,090,394,949
5. **Problems and Challenges**
   **Internal Risk**
   - Managing operational efficiency
   - Regular or post operation maintenace due to geographical location

   **External Risk**
   - Fluctuation of financing cost
   - Delay of statutory approvals for the new project
   - Insufficient rainfall and prolonged dry periods can reduce river levels, directly impacting power generation.
6. **Corporate Governance**
   - Board of Directors and Team management are committed to strengthen the corporate govrnance within the company
7. **Declaration**
   I the managing Director of the Company, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. Also hereby declare that to the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed the ommission of which shall adversely affect the informed investment decision by the investors.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२७ माघ २०८१ आइतबार
9 February 2025, Sunday

# ‘जनै हराएको बाहुन’मा गौरव र रियर



**काठमाडौं/मस-** निर्माणाधीन नेपाली चलचित्र ‘जनै हराएको बाहुन’मा अभिनेता गौरव पहारी र रियर राईको प्रवेश भएको छ । हिमाल न्यौपानेले निर्देशन गर्ने यस चलचित्रका लागि यसअघि अभिनेता विजय बराल प्रमुख भूमिकामा अनुबन्धित भइसकेका छन् ।

पेपरक्लिप प्रा. लि.को ब्यानरमा बनाउन लागिएको यस चलचित्रमा एसोसिएट निर्देशन मनीष राउतले गर्दै छन् । यसमा उनले अभिनयसमेत गर्ने छन् । भानुभक्त ढकालको कथा, पटकथा र संवाद रहको चलचित्रले गाउँबाट शहर आएका एक सरल व्यक्तिले भोग्नुपरेका अनपेक्षित परिस्थिति र त्यसले उनको जीवनमा ल्याएको परिवर्तनलाई केन्द्रमा राख्ने छ ।

यस चलचित्रका निर्मातामा सी. आर. बस्नेत, कमल न्यौपाने, आर. के. मानन्धर, विमल न्यौपाने, फिलिप डी. सी. र निशान्त श्रेष्ठ छन् । यस चलचित्रमा नवीन गुरुङ छायाकारका रूपमा रहेका छन् भने क्रियटिभ निर्देशक सम्राट महर्जन हुन् । भीएफक्स सुपरभाइजर मयंक निरौला छन् ।

यो वर्षको अन्त्यसम्ममा छायांकन सुरु गर्ने लक्ष्य राखिएको यो चलचित्र २०८२ सालमा दर्शकमाझ आउने अपेक्षा गरिएको छ ।

# संगीत तथा चलचित्र उत्पादक समाजमा नयाँ कार्यसमिति



**काठमाडौं/मस-** संगीत एवं चलचित्र उत्पादकहरूको साझा संस्था ‘संगीत तथा चलचित्र उत्पादक समाज, नेपाल’मा नयाँ कार्यसमिति बनेको छ । समाजको आठौं र नवौं वार्षिक साधारणसभाले डा. सूर्यबहादुर मगरको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

तमु बौद्ध सेवा समितिको सभा हल अनामनगरमा सम्पन्न सभाले मगरलाई दोस्रो कार्यकालका लागि सर्वसम्मत चयन गरेको हो । समाजको नयाँ कार्यसमितिको उपाध्यक्षमा तोरण गुरुङ (शशी), महासचिवमा धनु ज्ञाङ्मी, सचिवमा ईश्वरबहादुर गुरुङ र कोषाध्यक्षमा रुकमान लिम्बू चयन भएका छन् । यस्तै, सदस्यहरूमा जनक तामाङ, खुसी थुलुङ राई, रूपेन्द्र खड्गी र सक्षम श्रेष्ठ चुनिएका छन् ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयकी रजिष्ट्रार सविता कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संगीत तथा चलचित्र उत्पादक समाजका संस्थापक अध्यक्ष पदमबहादुर बुढा, संरक्षक शम्शेर श्रेष्ठ, निवर्तमान अध्यक्ष निर्मलराज ढकाल, नेपाल संगीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान, प्रज्ञा परिषद् सदस्य डा. किरात राई, संगीत रोयल्टी संकलन समाज नेपालका अध्यक्ष सुरेश अधिकारी, निवर्तमान अध्यक्ष महेश खड्का, प्रस्तोता समाज नेपालका अध्यक्ष शिव हमाल, नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तान, गीतकार संघ नेपालका अध्यक्ष वसन्त बित्यासी थापा, संगीतकार संघ नेपालका अध्यक्ष चेतन सापकोटा, चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्कालगायतलाई अतिथिका रूपमा निम्त्याइएको थियो । साधारणसभामा अध्यक्ष डा. मगरले पेस गरेको ५ बुँदे प्रस्तावसमेत सर्वसम्मत पास भएको छ ।

# उत्तम के. सी.का गीतमा अञ्जनाको स्वर



**काठमाडौं/मस-** सिक्किमकी अञ्जना नाल्बो लिम्बूले बरिष्ठ कलाकार एवं गीतकार उत्तम के. सी. नेपालका २ वटा गीत गाएकी छन् । सिङ्गिङ रियालीटी सो ‘याक्थुङ स्टार’ गायन प्रतियोगिताको उपाधि विजेता अञ्जनाले के. सी.का २ गीत ‘छातीभित्र मुटु चल्छ, मुटुभित्र माया’ र ‘विपनीमा टुंगियो माया’ गाएकी हुन् । गायक राजेश पायल राई र शाहील लिम्बूसँग पनि केही दिनअघि गीत रकेर्ड गरेकी उनले के. सी.का एकसाथ २ गीत गाएकी हुन् ।

के. सी.का गीत उनले शुक्रबार काठमाडौंको मेलोडी स्टुडियोमा रेकर्ड गरेकी हुन् । गीतमा बरिष्ठ संगीतकार अष्ट लामा र पुष्कर सुनुवारको संगीत छ । मीठो स्वरकी धनी अञ्जनाले के. सी.का शब्दले आफू प्रभावित भएर गीत गाएको बताइन् । कला क्षेत्रमा आफ्नै उचाइ चुमेका के. सी. गीत लेखन र कथा लेखनमा पनि सक्रिय छन् । उनका ‘न झुकून् हाम्रा शिरहरू’, ‘जसले जेजे भने पनि तिमी मेरी आमा’, ‘मकै भुट्ने हाँडीमा’, ‘रहरै भो’, ‘कि वार कि पार’, ‘अब जे होला होला’, ‘ठण्डा ठण्डा पानी’, ‘आकाशको जुन तिमी, धर्तीको फूल’ जस्ता एक दर्जनजति गीत श्रोता/दर्शकमाझ प्रिय छन् ।

यस्तै, ‘दोषी को’ गीत पनि श्रोता/दर्शकमाझ आउने तयारीमा रहेको के. सी. बताउँछन् । के. सी.ले २०० को हाराहारीमा ठूलो पर्दा र सानो पर्दाका चलचित्रमा आफ्नो अभिनय पस्किएका छन् भने निर्माण, निर्देशनमा पनि सक्रिय छन् ।

# चलचित्रसम्बन्धी अध्ययनका लागि छात्रवृत्ति

**काठमाडौं/मस-** चलचित्र विकास बोर्डले १६ जना विद्यार्थीलाई चलचित्रसम्बन्धी अध्ययनका लागि छात्रवृत्ति प्रदान गरेको छ । माध्यमिक तहमा १, स्नातक तह पहिलो वर्षका लागि १२ जना, विद्यावारिधिका लागि १ र दर्शनाचार्यका लागि १ जनालाई छात्रवृत्ति प्रदान गरिएको बोर्डका अध्यक्ष दिनेश डी. सी.ले जानकारी दिए । उनले भने, ‘चलचित्र अध्ययन, अनुसन्धान एवं विद्वत् वृत्तिका लागि प्रोत्साहन गर्न छात्रवृत्ति प्रदान गर्ने गरेका छौं । यस वर्षदेखि माध्यमिक तहमा अध्ययन गर्न चाहने विद्यार्थीले पनि छात्रवृत्ति पाउने व्यवस्था गरिएको छ ।’ उनले छात्रवृत्तिबापतको रकम सम्बन्धित कलेजलाई हस्तान्तरण गरिएको बताए ।

## कनकाई नगरपालिका
## कनकाई नगर हस्पिटल
**कनकाई न.पा.-०३, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र आह्वानको सूचना**

**पहिलो पटक प्रकाशित मितिः २०८१/१०/२७**

कनकाई नगरपालिका, झापामा संचालित कनकाई नगर हस्पिटलको फार्मेसीमा २०८१/०८२ को लागी आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त कम्पनि, फर्म तथा आधिकारिक बिक्रेताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रित पुर्वक विधुत्तिय बोलपत्र आव्हान गरिएको छ ।

| क्र. स. | सम्झौता संकेत नं. | विवरण | बोलपत्र फारम शुल्क | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | धरौटी रकम | बोलपत्रको मान्य हुने अवधि | बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | KANKAI/NCB/GOODS/6/2081-82 | Procurement of Medicine and Related Items for Hospital Pharmacy and Hospital use | ५००० | २०८१/११/२७ गते दिनको १२:०० बजे सम्म | ८,५०,०००।- | ९० दिन | १२० दिन |

## Urlabari Municipality
## Office of Municipal Executive
**Urlabari, Morang**
**Koshi Province, Nepal**

**Invitation of Electronic Bids**

**Date of Publication: 2081/10/27 (9th February 2025)**

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-MawaBeautification-Ward7-W-NCB-25-081/82 | Mawa Saunadaryikaran pariyojana, urlabari-7, Morang | 25,45,564.30 | 57,000.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

Government of Nepal
**Ministry of Physical Infrastructure and Transport (MoPIT)**
## Department of Roads (DoR)
## Federal Road Supervision and Monitoring Office, Surkhet (FRSMO Surkhet)
## Road Division Chaurjahari, Rukum West

**IFB/Notice No: IFB06/081/82-22**

**Date of Publication: 2081/10/27 (2025/02/09)**

1. Road Division, Chaurjahari invites Single Stage Single Envelope (1S1E) Bidding procedure of e-bids from eligible bidders for the following works:

| S. N. | Contract No. | Description and Location of Works | Estimated Amount (Including VAT and PS) (NRs.) | Bid Security Amount (NRs.) | Non-Refundable Bid Document Fee (NRs.) | Bid Validity Period/ Bid security period (After Bid opening date) |
|---|---|---|---|---|---|---|
| 1. | IFB06/ RDCJI/337310113/ NCB/081/82-22 | Retaining Wall and Gabion Structures along Chheda-Jajarkot Road Section | 2,904,928.00 | 75,000/- | 3,000/- | 90/120 days |

2.

| | | | |
|---|---|---|---|
| Last date and time of purchase of Bid Document | 2081/11/28 B.S. (2025/03/12 A.D.) up to 10:00 AM | Last date, time and place of bid submission: | 2081/11/28 B.S. (2025/03/12 A.D.) up to 12:00 noon |
| Date, time and place of Bid Opening | 2081/11/28 B.S. (2025/03/12 A.D.) at 13:00 PM | Date, time and place of Pre-Bid Meeting | Not Applicable |

3. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Road Division, Chaurjahari .
4. **The bidders are informed that license renewal is mandatory to participate in bidding process.**
5. Bidders are advised to visit the site and assess the actual site conditions before submitting their bid.
6. The Employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reasons, whatsoever.

**Division Chief**

श्री
## महोत्तरी जिल्ला अदालत
**जलेश्वर, महोत्तरी**

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**सूचना नं : ०१-८१/८२**
**प्रकाशन मितिः २०८१/१०/२७**

यस महोत्तरी जिल्ला अदालत अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन (मिति २०८१।११।२७ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Work | Estimated Cost w/o VAT and Contingencies (NRS) | Bid Security (NRS) | Cost of the Bidding Document (NRS) |
|---|---|---|---|---|---|
| 1 | MDC/Mahottari /Goods/NCB/01-2081/082 | Furniture & Furnishing Works of Mahottari District Court, Jaleshwor. Mahottari. | *42,72,391.90* | 1,21,000.00 | 3,000.00 |

*कार्यालय प्रमुख*

**साउदीमा रोजगार**

कम्पनी : NAMA OPERATION AND MAINTENANCE COMPANY ONE PERSON COMPANY शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०८१/१०/२३ चलानी नं.: ६०२३२६०९ L.T. No.:318247

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३७,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : CHEF HOT FAST FOOD RESTAURANT शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०८०/१०/०७ चलानी नं.: ६०२१३४७३ L.T. No.:298504 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३७,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ४ गते (16 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ७०१/०६३/०६४
**K L Employment Service (P) Ltd.**
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४५६४११३, ४५९३१८०,
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

**कुवेत र साउदीमा रोजगार**

कम्पनीः ANAAR COMPANY FOR PREPARING READY TO EAT MEALS शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१०/२४ चलानी नं.: ६०२३२५९२ LT. No.:318348

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६७९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Cashier | 5 | 0 | | 150 | ६७९६८ | | | | | | |
| 3. | Cleaner General | 5 | 0 | | 100 | ४५३१२ | | | | | | |
| 4. | Waiter | 5 | 0 | | 130 | ५८९०५ | | | | | | |

कम्पनीः FOOD SABIL CO., LTD. IS A ONE-PERSON COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/१०/२४ चलानी नं.: ६०२३२५९० LT. No.: 318347

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 1 | 0 | स. काममा दक्ष | 1200 | ४४७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ४ गते (16 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S.R. Group HR Consultancy Pvt. Ltd.**
Govt. Lic. No.: 1123/073/074 | Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700, Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com

# एनआरटीले जित्यो बुढासुब्बा गोल्डकपको उपाधि



**धरान/मस–** चर्च ब्वाइज युनाइटेडलाई हराउँदै न्यूरोड टिम (एनआरटी) क्लबले बुढासुब्बा गोल्डकप फुटबलको उपाधि जितेको छ । धरान रंगशालामा शनिबार भएको फाइनल खेलमा एनआरटीले चर्च ब्वाइजलाई २-१ गोलले हराउँदै उपाधि जितेको हो ।

खेलको २२औं मिनेटमै कप्तान अनन्त तामाङको गोलमार्फत चर्च ब्वाइजले सुरुवाती अग्रता लिएको थियो । २६औं मिनेटमा विदेशी खेलाडी हेनरी पोकोले गोल गर्दै एनआरटीलाई खेलमा फर्काए । ५७औं मिनेटमा उनले नै दोस्रो गोल गर्दै एनआरटीलाई तेस्रोपल्ट उपाधि दिलाए । एनआरटीले यसअघि २०६४ र २०८० मा बुढासुब्बा गोल्डकपको उपाधि जितेको थियो ।

उपाधिसँगै एनआरटीले १० लाख रुपैयाँ प्राप्त गऱ्यो । उपविजेता चर्च ब्वाइजले भने ५ लाखमा चित्त बुझायो । चर्च ब्वाइजले भुटानको रोएल थिम्पु कलेजलाई ७-० ले पराजित फाइनलमा स्थान बनाएको थियो । एनआरटीले भने युकेएफसीलाई ३-१ ले पराजित गर्दै लगातार दोस्रोपटक फाइनल पुगेको थियो ।

# ब्रिगेड ब्वाइजलाई हराउँदै पुलिस सेमिफाइनलमा



**पोखरा/मस–** बिग्रेड ब्वाइज क्लब युकेलाई पराजित गर्दै विभागीय टोली नेपाल पुलिस क्लब २५औं आहा रारा पोखरा गोल्डकपको सेमिफाइनलमा पुगेको छ । कास्कीको पोखरा रंगशालामा शनिबार सम्पन्न क्वार्टरफाइनलमा बिग्रेड ब्वाइजलाई २-० ले हराउँदै पुलिस सेमिफाइनलमा पुगेको हो ।

पुलिसले दुबै गोल पहिलो हाफमा गरेको हो । खेलको २८औं मिनेटमा विवेक पाण्डेले कर्नरमार्फत गोल गर्दै पुलिसलाई पहिलो अग्रता दिलाएका थिए । त्यसपछि ४० औं मिनेटमा विवेककै कर्नरमा पुलिसका कप्तान राम वाजीले गोल गर्दै टोलीलाई दोब्बर अग्रता दिलाए । त्यसपछि दुबैतर्फबाट गोल हुन नसकेपछि खेल पुलिसले २-० ले जित्यो ।

पुलिसले यसअघि प्रिक्वार्टरफाइनलमा आयोजक सहारा क्लबलाई १-० ले पराजित गरेको थियो । पुलिसले अब फाइनल प्रवेशका लागि त्रिभुवन आर्मी क्लब र चर्च ब्वाइज युनाइटेड क्लबको विजेतासँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिताको दोस्रो क्वार्टरफाइलन थ्रीस्टार क्लब र मच्छिन्द्र फुटबल क्लबबीचको खेल आइतबार हुनेछ । प्रतियोगिताको विजेताले १२ लाख १ हजार र दोस्रो हुने टोलीले ६ लाख १ हजार रुपैयाँ प्राप्त गर्नेछ ।

# फ्रेन्ड्स युथ क्लब फाइनलमा



**धनगढी/मस–** फ्रेन्ड्स युथ क्लब डडेल्धुरा धनगढीमा जारी अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । शनिबार भएको पहिलो सेमिफाइनलमा न्यू होराइजन बुटवललाई ५ विकेटले हराउँदै डडेल्धुरा फाइनलमा प्रवेश गरेको हो । बुटवलले दिएको ८३ रनको लक्ष्य डडेलधुराले १५ ओभरमा ५ विकेट गुमाउँदै पूरा गऱ्यो । डडेलधुरालाई जित दिलाउन ओपनर कुशल भुर्तेलले ४५ रन बनाए । २६ बल खेलेका उनले ६ चौका र २ छक्का प्रहार गरे ।

डडेलधुराका आयुशमानले १६ रन बनाए । कप्तान सन्दीप जोरा ६ र किरण ठगुन्ना ८ रनमा अविजित रहे । बुटवलका प्रिन्स पालले सर्वाधिक ३ विकेट लिए । निर्मल गुरुङ र महेश भारीले समान १-१ विकेट लिए ।

त्यसअघि फाप्ला क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको बुटवल १६ ओभर १ बलमा ८२ रन बनाउँदै अलआउट भएको थियो । बुटवलका लागि आरिफ खानले २० र दिपक डुम्रेले १८ रन बनाए । डडेल्धुराका लागि कुशल भुर्तेलले ५ विकेट लिए । यस्तै अजय चौहानले ३ तथा हेमन्त धामी र अशोक धामीले समान १-१ विकेट लिए ।

प्रतियोगितामा आइतबार दोस्रो सेमिफाइनलमा समूह 'ए' को उपविजेता धनगढीले समूह 'बी'को विजेता अत्तरियासँग खेल्नेछ । फाइनल खेल सोमबार हुनेछ । प्रतियोगिताको विजेताले १० लाख रुपैयाँ र उपविजेताले ५ लाख रुपैयाँसहित ट्रफी पाउने आयोजक गो ड्रिमर्सले जनाएको छ ।


## युएईमा रोजगार

कम्पनी : WHITE SPOT FACILITIES MANAGEMENT SERVICES L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/२५ — चलानी नं.: ६०२३२६२३ — LT. No.: 318363

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 50 | स. काममा दक्ष | 1000 | ३८,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १६ गते (16 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD. — Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Contact No: 9851235143, 9841468330, 9823045797, 9803636760, 9825468674, 9841136727, 9844064089



## युएईमा रोजगार

कम्पनी: AFFORDABLE PLUS GUARDING SERVICES LLC — शहर: UAE
पुर्व स्वीकृत मिति: २०८१/०५/२५ — चलानी नं.: ६०२२५०८७ — L.T. No.: 309567 — पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,६८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Life Guard | 1 | 0 | | 1200 | ४५,६८४ | | | | | | |
| 3. | Security Guard | 13 | 4 | | 1200 | ४५,६८४ | | | | | | |

कम्पनी: AFFORDABLE GUARDING SERVICES LLC — शहर: UAE
पुर्व स्वीकृत मिति: २०८१/०४/१३ — चलानी नं.: ६०२२७८८ — L.T. No.: 308084 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lifeguard/Fitness Technician | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,६८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Security | 19 | 0 | | 1200 | ४५,६८४ | | | | | | |

अन्तर्वार्ता जनप्रिय थकाली भान्साघर, पोखरा, कास्कीमा २०८१ फागुन ४ गते (16 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता गार्डेन रिसोर्ट, भरतपुर, चितवनमा २०८१ फागुन ५ गते (17 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय, इटहरी, सुनसरीमा २०८१ फागुन ६ गते (18 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता सि.पी. होटल, विर्तामोड, झापामा २०८१ फागुन ७ गते (19 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन ८ र ९ गते (20 & 21 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HIMALAYAN GORKHA HR SOLUTION PVT LTD — Gov. Lic. No. 1586/079/80
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660
Mobile: 9869009640 | 9849913982 | 9810274885 | 9851168772 | 9767301551
E-mail: himalayangorkhahr15@gmail.com | Website: www.himalayangorkhahr.com.np


## कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति : २०८१/१०/२७**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको **मितिले १५ (पन्ध्र) दिन भित्र** (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

### ऋणीको विवरण — धितो/धनजमानीकर्ताको विवरण

**१. आर.डि.एस.इन्ष्टिच्युट फर मेडिकल एण्ड टेक्नोलोजि साईन्स प्रा.लि.**
**दर्ता नं.**: ८४४६५/०६७/०६८
ठेगाना : असनपुर गा.वि.स.वडा नं ०६, गोलबजार, सिरहा
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
स्थायी लेखा नं.: ६०४७७८०९३

**अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ता : सकल देव यादव**
**ना.प्र.नं.**: १५३५३-१०२७२
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिरहा
बाबु : रामचन्द्र यादव
बाजे : लक्ष्मी यादव
ठेगाना : सिराहा जिल्ला, असनपुर -०२, हाल गोलबजार न.पा.वडा नं ०४
**शाखा कार्यालय : गोलबजार**
**कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक फर्मको नाममा तथा प्रोप्राइटर सकल देव यादवको व्यक्तिगत नाममा प्रवाह भएको सजिलो लघु कर्जा (ओभरड्राफ्ट) तथा ओडी कार्ड कर्जा समेत**

**धितो/धनजमानीकर्ताको विवरण**
**कपिल देव यादव**
**ना.प्र.नं.**: १५१०४७/२१५२३
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिराहा
बाबु : रामचन्द्र यादव
बाजे : लक्ष्मी यादव
ठेगाना : सिराहा जिल्ला, असनपुर -०६, हाल गोलबजार न.पा.वडा नं ०४

**राजदेव यादव**
**ना.प्र.नं.**: १५१०४७/३७
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा
बाबु : राम चन्द्र यादव
बाजे : लक्ष्मी यादव
ठेगाना : सिराहा जिल्ला, असनपुर -०६, हाल गोलबजार न.पा.वडा नं ०४

**राम चन्द्र यादव**
**ना.प्र.नं.**: ०२५१३५०३
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा
बाबु : लक्ष्मी यादव
बाजे : बुनी यादव
ठेगाना : सिराहा जिल्ला, असनपुर -०७, हाल गोलबजार न.पा.वडा नं ०४

**देवकि यादव**
**ना.प्र.नं.**: ०२५९३९०४
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिरहा
पतिः रामचन्द्र यादव
ससुराः लक्ष्मी यादव
ठेगानाः सिरहा जिल्ला, असनपुर -०७, हाल गोलबजार न.पा.वडा नं ०४

**सृजना यादव**
**ना.प्र.नं.**: ८८८९३८८८
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, महोत्तरी
पति : सकल देव यादव
ससुरा : रामचन्द्र यादव
ठेगाना : महोत्तरी जिल्ला, सिंग्याही -०६, हाल गोलबजार न.पा.वडा नं ०४

**धितोमा रहेको सम्पत्तिको विवरणः** १.राम चन्द्र यादवको नाममा मालपोत कार्यालय, सिराहामा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| चन्द्र लालपुर -६ सिरहा | ६ | ४१८ | ०-५-९.५-० (१८५३.९९ |

साथै सम्पूर्ण लिगलगापात समेत ।

**२. रीता माया राउत (वस्नेत)**
**ना.प्र.नं.**: ०८९००१६४
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सर्लाही
पति : टंक बहादुर वस्नेत
ससुरा : झपड बहादुर वस्नेत
ठेगाना : सर्लाही जिल्ला, बागमती न.पा.वडा नं. १०, हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा.वडा नं ०८
**र**
**निरिशा न्यौपाने (वस्नेत)**
**ना.प्र.नं.**: १९/२०८४/६१३
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सर्लाही
पति : रोमन कुमार वस्नेत
ससुरा : झपड बहादुर वस्नेत
ठेगानाः सर्लाही जिल्ला, शंकरपुर -०९, हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा.वडा नं. ०८
**शाखा कार्यालय : मुख्य शाखा, ज्ञानेश्वर**
**कर्जा शीर्षक : घर कर्जा**

**टंक बहादुर वस्नेत**
**ना.प्र.नं.**: ०८९०१६८०५
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सर्लाही
बाबु : झपड बहादुर वस्नेत
बाजे : दल बहादुर वस्नेत
ठेगाना : सर्लाही जिल्ला, शंकरपुर -०९, हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा.वडा नं. ०८

**रोमन कुमार वस्नेत**
**ना.प्र.नं.**: ०८९००३४१
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सर्लाही, ईलाका प्रशासन शाखा, हरिवन
बाबु : झपड बहादुर वस्नेत
बाजे : दल बहादुर वस्नेत
ठेगाना : सर्लाही जिल्ला, शंकरपुर -०९, हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा.वडा नं. ०८

**धितोमा रहेको सम्पत्तिको विवरणः** १) निरिशा न्यौपाने वस्नेत र रीता माया राउत (वस्नेत)को संयुक्त नाममा मालपोत कार्यालय चावहील, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (ब.मी) |
|---|---|---|---|
| गोठाटार-९ | १०२११०९१६ | ३९९ | ३.६१ |
| | | ४३२ | १५१.०१ |

उपरोक्त कित्ताहरुमा रहेको घर लगायत सम्पूर्ण लिगलगापात समेत ।

**३. न्यू अर्पण किराना पसल**
**प्रा.फ.र.नं.**: ५२२/२०७६/७७
ठेगाना : पुनर्वास न.पा वडा नं ०५, कञ्चनपुर
जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय भिमदत्तनगर, कञ्चनपुर
स्थायी लेखा नं. ६१२९४९३४४

**प्रोप्राईटर/धनजमानीकता : सन्त बहादुर क्षेत्री**
**ना.प्र.नं.** ६९७४७८१७
जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर
बाबु : नर बहादुर क्षेत्री
बाजे : कालु थापा
ठेगाना : कञ्चनपुर जिल्ला त्रिभुवनवस्ती-०२ हाल पुनर्वास न.पा-०५

**श्रीमती गोमा क्षेत्री**
**ना.प्र.नं.** ६६०
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर
पति : सन्त बहादुर क्षेत्री
ससुरा : नर बहादुर क्षेत्री
ठेगाना : कञ्चनपुर जिल्ला त्रिभुवनवस्ती-०७ हाल पुनर्वास न.पा-०५

**शाखा कार्यालय : अत्तरीया**
**कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक**

**धितोमा रहेको सम्पत्तिको विवरणः** १. गोमा क्षेत्रीको नाममा मालपोत कार्यालय बेलौरी, कन्चनपुरमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (ब.मी) |
|---|---|---|---|
| त्रिभुवनवस्ती-०७, कन्चनपुरमा | ०२६०९५८ | ६२४ | १६९३.१५ |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

**४. सुनिल ग्यास सप्लायर्स**
**प्रा.फ.नं.**: ७३७०/०७४
ठेगाना : कपिलवस्तु न.पा.वडा नं ०१, कपिलवस्तु
दर्ता गर्ने कार्यालयः : कपिलवस्तु नगर कार्यापालिका, उद्योग विकास शाखा, कपिलवस्तु
स्थायी लेखा नं.: ३०५४०५६१२

**प्रोप्राईटर/धनजमानीकर्ता : सुनिल कुमार अग्रहरी**
**ना.प्र.नं.**: ३८१०७८-१३०५
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु
बाबु : राम विलास गुप्ता
बाजे : राम लखन अग्रहरी
ठेगाना : कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा.वडा नं ०१
**शाखा कार्यालय : तौलिहवा**
**कर्जा शीर्षक : साना व्यापार कर्जा (आवधिक तथा अधिविकर्ष)**

**धितो/धनजमानीकर्ताको विवरण**
**अनिल कुमार अग्रहरी**
**ना.प्र.नं.**: ३८१०७८/१९०५
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु
बाबुः राम विलास गुप्त
बाजे : राम लखन अग्रहरी
ठेगाना : कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा.वडा नं ०२

**प्रीती अग्रहरी**
**ना.प्र.नं.**: ३८-०१-०७०-४९
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु
पति : अनिल कुमार अग्रहरी
ससुरा : राम विलास गुप्ता
ठेगाना : कपिलवस्तु जिल्ला, अभिराव गा.वि.स/उ.म.न.पा वडा नं ०३, हाल कपिलवस्तु न.पा.वडा नं ०१

**विमला वनिन**
**ना.प्र.नं.**: १३७४
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु
पति : राम विलास गुप्त
ससुरा : राम लखन अग्रहरी
ठेगाना : कपिलवस्तु जिल्ला, तौलिहवा नगर पञ्चायत वडा नं ०५, हाल कपिलवस्तु न.पा.वडा नं ०१

**पुजा अग्रहरी**
**ना.प्र.नं.**: ३८-३०७८/५१
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु
पति : सुनिल कुमार अग्रहरी
ससुरा : राम विलास गुप्त
ठेगाना : कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स/उ.म.न.पा.वडा नं ०२, हाल कपिलवस्तु न.पा.वडा नं ०१

**राम विलास गुप्त**
**ना.प्र.नं.**: ३८-१३७३
जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु
बाबु : राम लखन अग्रहरी
बाजे : राम सेवक अग्रहरी
ठेगाना : कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा.वडा नं ०२, हाल, कपिलवस्तु न.पा.वडा नं ०१

**धितोमा रहेको सम्पत्तिको विवरणः** १.राम विलास गुप्तको नाममा कपिलवस्तु नगरपालिका, तैलिहवामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|
| हाल कपलिवस्तु-०१ (साविक कपिलवस्तु -०२) | ६४१/३ बाल बिटोरी | ०-०-४.७५ |

घर लगायत सम्पूर्ण लिगलगापात समेत ।

**पुनश्चः** उल्लिखित ऋणी (प्रोप्राईटर)/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन ।

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
६. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज/नामसारी गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आंफैले सकार गर्न (सवारी साधन बाहेक) वा पूनः सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
१०. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थानः**
**बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१/११/११ गते र बोलपत्र खोलिने मितिः २०८१/११/१२, समयः दिनको : ४:३० बजे**
**सिलबन्दी बोलपत्र खोलिने स्थानः कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**



# सरकारले नीति मात्र राम्रो बनाए आईटी क्षेत्रले गति लिन्छ

सरकारले आगामी १० वर्षभित्र सूचना प्रविधि (आईटी) उत्पादन र सेवाहरूको ३० खर्ब रुपैयाँ बराबरको निर्यात गर्ने लक्ष्य राखेको छ भने ५ लाख प्रत्यक्ष रोजगारी र १० लाख अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्य बजेट मार्फत् गरेको छ । आईटी क्षेत्रले विश्वभर नै हरेक क्षण नयाँ-नयाँ खोज जन्माइरहेको अवस्थामा नेपालमा पनि यसको प्रभाव बढ्दो छ । पछिल्लो समय विश्वव्यापी रूपमा आइटी क्षेत्रमा भएको अभूतपूर्व विकासको अवस्थामा नेपालले समेत केही नेपाल ऐन संशोधनमार्फत् आईटी क्षेत्रको विकासलाई थप सहजीकरण गर्ने काम गरेको छ । आईटीको महत्व बढ्दै जाँदा नेपालमा आईटी क्षेत्र विस्तारको सम्भावनाको विषयमा जनरल टेक्नोलोजीकी प्रबन्ध निर्देशक तथा कम्प्युटर एसोसिएसन अफ नेपाल महासंघ (क्यान महासंघ) का अध्यक्ष **सुनैना घिमिरे पाण्डे**सँग मध्यान्हका **छबि सापकोटा**ले छोटो कुराकानी गरेका छन् ।

■ **सुनैना घिमिरे पाण्डे**, अध्यक्ष, कम्प्युटर एसोसिएसन अफ नेपाल महासंघ

**नेपालको सूचना तथा प्रविधि (आईटी) क्षेत्र कसरी अगाडि बढेको छ ?**

संसारभर नै अहिले सूचना प्रविधि (आईटी) क्षेत्रमा ठूलो चहलपहलको अवस्था छ । अझै पछिल्लो समय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रविधितर्फ विश्व केन्द्रित भइरहेको छ । एआईमा देखिएको प्रतिस्पर्धाले आईटी क्षेत्रको महत्व बढ्दो छ । अहिले आईटी क्षेत्र एआईतर्फ केन्द्रित भइरहेको छ । अबको युग भनेको नै सूचना प्रविधि को युग हो, नेपालमा पनि आईटी क्षेत्रमा लगानी बढिरहेको छ । नेपालमा सरकारले अध्यादेशमा समेत सूचना प्रविधि क्षेत्रलाई विस्तारमा सहजीकरण गर्ने नीति ल्याएको छ । अध्यादेशले विदेशमा लगानी गरेर नेपालमा ग्लोवल कम्पनी खोल्न सक्ने वातावरणको समेत सुरुवात गरेको छ ।

अब निर्देशिका बनाएर छिट्टै कार्यान्यवनतर्फ लाग्नुपर्छ । हालको अवस्थामा राज्यको कुल गार्हस्थ्य उत्पादनमा १ दशमलव ४ प्रतिशत सूचना प्रविधि क्षेत्रले योगदान गरेको छ । सरकारले आईटी क्षेत्रलाई लगानीमैत्री वातावरण बनाइदिने हो भने हामीले १० वर्षमा ३ प्रतिशत भन्दा माथि लैजान सक्छौं ।

**नेपालको सूचना प्रविधिमा लगानीको अवस्था कस्तो छ ?**

अहिले नेपालमा सूचना प्रविधि क्षेत्रमा लगानी राम्रो बन्दै गएको छ । केही डाटा सेन्टरको लागि समेत विदेशबाट लगानी आइरहेको अवस्था छ । सफ्टवेयर कम्पनीहरूको समेत नेपालमा आकर्षण बढ्दो छ । विदेशमा बस्ने नेपालीहरू समेत आईटी क्षेत्रमा लगानी भित्र्याउन उत्सुक देखिन्छन् । सरकारले भर्खर ल्याएको अध्यादेशबाट लगानीको वातावरण बन्ने देखिन्छ भने विदेशी लगानीलाई बाटो खुलेको छ । पहिलो नेपालमा लगानी गरेपछि आफ्नो नाफा, पुँजी बाहिर लैजान निकै अप्ठ्यारो थियो अब समाधान हुने देखिन्छ ।

आईटी क्षेत्रमा विदेशी कम्पनीको समेत आकर्षण बढ्ने सम्भावना छ । अहिले आईटी कम्पनी प्राइभेट कम्पनीको रूपमा छन्, अब आईपीओ निकालेर लिमिटेडमा जानसक्ने बाटो समेत खुलेकोले सो क्षेत्रले थप लगानी विस्तारको सम्भावना बोकेको छ ।

**के नेपालको आईटी क्षेत्र नयाँ अवसर भएको क्षेत्र हो भनेर भन्न सकिन्छ ?**

विश्वका ठूला कम्पनीलाई आउने वातारवण बनाउने हो भने नेपालको आईटी क्षेत्रमा निकै सम्भावना छ । नेपालमा कम्पनी खोल्दा उत्पादनको लागत घटाउने सक्ने प्रसस्त सम्भावना छ । तर, नेपालबाट अहिले युवा जनशक्ति बाहिर गइरहेको अवस्था छ । आईटीमा ज्ञान भएकाहरू समेत बाहिर जानसक्ने अवस्था छ । त्यसलाई रोक्नका लागि विदेशी कम्पनीलाई नेपाल भित्र्याउन सक्नुपर्छ । नेपालमा आईटी सर्भिस र सफ्टवेयर कम्पनीको लागि सहज वातावरण छ । नेपालको हावापानी र विद्युतको संभावनाले समेत आईटी क्षेत्रलाई सहयोग गर्ने देखिन्छ । पछिल्लो समय सुरक्षा, सफ्टवेयरको विकास, डेटा साइन्स जस्तो क्षेत्रमा भएको प्रगतिले नेपालको आईटी क्षेत्रमा अवसर नै अवसर छ भन्न सकिन्छ ।

**क्यानले हरेक वर्ष इन्फोटक सञ्चालन गर्दै आएको छ, यसपटकको मेलामा आकर्षण के छ ?**

भृकुटीमण्डपमा बिहीबारदेखि क्यान इन्फोटेकमा सञ्चालनमा छ । सोमबारसम्म चल्ने इन्फोटेकमा नयाँ प्रविधि सहित सहभागी कम्पनीका स्टल छन् । विशेषगरी इन्फोटेकमा नेपालको आईटी क्षेत्रमा कसरी काम भइरहेको छ भन्ने नै देखाउने हो । यस पटक एआईमा देखिएको प्रगति, स्टाटेलाईट, नेपाली आईटी इन्जिनियरहरूको प्रतिभालाई इन्फोटेकमा हेर्न सकिन्छ । स्थानीय सफ्टवेयर, कम्प्युटर तथा एक्सेसरिज, आईटी ट्रेनिङ तथा इन्स्टिच्युट, स्टार्टअप तथा इनोभेसन, नेटवर्किङ प्रडक्टप्रति चासो बढाउने काम इन्फोटेकले गरिरहेको छ । एआईमा आधारित डिभाइस, ह्युमनाइड रोबोट र सेल्फ ड्राइभिङ कारदेखि क्यान इन्फोटेकमै राष्ट्रिय परिचयपत्र बनाउने सम्मका स्टल छन् । डेटा साइन्स, सेन्सर टेक्नोलोजीमा नेपालमा भएको प्रगति इन्फोटेकमा छ । यो इन्फोटेक प्रविधिलाई बुझ्ने अवसरको रूपमा हामीले हरेक वर्ष गर्दै आएको छौं ।

**अन्त्यमा, सरकारले आईटी क्षेत्रको थप विकासका लागि कस्तो सहयोग गर्नुपर्छ ?**

सरकारले आईटीको लागि गर्ने भनेको नीतिगत काम नै हो । हाम्रा ऐन कानून आईटीमैत्री छैनन् । पुराना ऐन कानून र आईटीको लागि चाहिने कानून नै छैन भन्दा हुन्छ । तर, सरकारले केही नेपाल ऐन संशोधन गर्दै अध्यादेशमार्फत् नयाँ कानून ल्याएको छ । यसले सरकारको समेत पछिल्लो समय सक्रियता देखिन्छ । आईटीमा काम गर्दा कुनै समस्या आएभने त्यसमा सरकारले सहजीकरण गर्नु पर्ने देखिन्छ ।

अब आईटी क्षेत्रको विकासको लागि निजी क्षेत्र र सरकार सँगसँगै हिँड्नुपर्छ । आईटी क्षेत्रमा लगानी बढी चाहिने भएको हुनाले लगानी गर्दा बित्तिकै करको मारमा आईटी क्षेत्रलाई पार्नु हुँदैन । आज दर्ता गर्ने भोलिबाट कर तिर्नुपर्ने अवस्था आउनु हुँदैन । आईटीमा गरिएको लगानी आजको भोली आउँछ भन्ने हुँदैन । कुनैपनि आईटी कम्पनीले आफ्नो लगानी उठाउन लामो समय कुर्नुपर्ने अवस्था आउँछ । त्यसैले, इनोभेसनमैत्री नीति र करमा सहजीकरण गर्ने हो भने सरकारलाई समेत आईटी क्षेत्रले रोजगारी सिर्जना गर्न र विदेशी मुद्रा भित्र्याउन सहयोग गर्छ ।

# 'केबलकारले नागरिकको जीवनस्तरमा सुधार ल्याउँछ'

**काठमाडौं/मस** – कोशी प्रदेशको हिमाली जिल्ला ताप्लेजुङमा रहेको प्रसिद्ध धार्मिकस्थल पाथीभरा मन्दिरसम्म पुग्न निर्माण हुन लागेको पाथीभरा केबलकार अहिले चर्चाको विषय बनेको छ । उद्योग वाणिज्य महासंघ तथा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले पाथीभरामा केबलकार बनाउँदा मन्दिरको ऐतिहासिकता र पहिचान गुम्ने भन्दै सामाजिक सञ्जालमा गरिएको विरोधलाई दुस्प्रचार भनेर टिप्पणी गरेका छन् ।

शनिबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै अध्यक्ष ढकालले केबलकार यातायातको साधन मात्र भएको भन्दै जसले पाथीभरा देवीको दर्शनमा जाने तीर्थयात्रीलाई सहज बनाउने भएकाले कुनै धर्म र जाती विशेष या संस्कार संस्कृति एवम् हाल भइरहेका संरचनामा केही असर नगर्ने कुरामा जोड दिएका छन् ।




उनले २०७२ मा पाथीभरा देवी दर्शन केवलकार प्रालिको स्थापना भएको र सो कम्पनीले २०७५ सालमा मन्त्रिपरिषद्बाट केबलकार निर्माणको अनुमति लिएको बताए । उनले आइएमई समूहले मुलुकका सातवटै प्रदेशमा केबलकार सहितका पर्यटकीय गन्तब्यहरू बनाउने उद्देश्यसहित २०७९ सालमा यस केबलकारको ठूलो शेयर लिएर काम अगाडि बढाएको बताए । केबलकारका लागि आवश्यक जग्गाको भोगाधिकार प्राप्त गर्ने र नेपाल सरकारलाई सट्टा भर्ना जग्गा दिने काम सम्पन्न भइसकेको समेत उनले बताए ।

उनकाअनुसार केबलकार निर्माणमा सबै उपकरण तथा पार्टस् विश्व प्रसिद्ध केबलकार कम्पनीको प्रयोग गरिने र माथिल्लो स्टेसनमा तीर्थयात्रीको सुविधाको लागि पानी, शौचालय र अक्सिजनसहित सामान्य आधारभूत संरचना मात्र बनाइने छ । केबलकार निर्माणले बालबालिका, वृद्धवृद्धा, शारिरीक रूपमा अशक्त र उकालो ओरालो हिड्न नसक्नेहरूका लागि सहज हुनुका साथै सम्पूर्ण तिर्थयात्री तथा पर्यटकलाई सुविधा पुग्ने उनको भनाइ छ । हिँडेर जान चाहनेहरूको लागि अहिले भइरहेको बाटोमा केबलकारले कुनै बाधा नपुऱ्याउने साथै स्वदेशी तथा विदेशी तिर्थयात्री र पर्यटकको संख्यामा थप वृद्धि गर्ने उनले बताए ।

केबलकार निर्माणपछि करिब ३ सय जनाले प्रत्यक्ष रोजगारी प्राप्त गर्ने र यसमा करिब ८० प्रतिशत स्थानीयलाई प्राथमिकता दिइने ढकालले बताएका छन् । साथै, स्थानीयलाई आयोजनाको शेयर तथा लगानीको अवसर दिने उनले बताए । केबलकार निर्माण हुँदा तिर्थयात्री तथा पर्यटकको संख्यामा उल्लेख्य वृद्धि हुने र स्थानीय उत्पादन (कृषि, घरेलु तथा हस्तकलाका सामग्री) प्रवर्द्धनमा ठूलो भूमिका खेल्ने उनको भनाइ छ । आर्थिक गतिविधिको विकास र विस्तारसँगै मेची हाइवेको झापा तथा तमोर कोरिडरको सुनसरीको बराह क्षेत्रदेखि नै होटल, रेष्टुरेन्ट, यातायातलगायत थुप्रै क्षेत्रमा स्वरोजगार तथा व्यवसाय विस्तारमा उल्लेख्य वृद्धि हुने ढकालले बताए ।

यसका अतिरिक्त केबलकारले आर्जन गरेको नाफाको केही प्रतिशत संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय निकायमार्फत् स्वास्थ्य, शिक्षा, स्थानीय पूर्वाधारलगायतमा खर्च गरिने कुरा आयोजनाले स्पष्ट गर्दै पनि ढकालले पत्रकार सम्मेलनमा बताए ।

# प्रदेशको बजेट खर्च ६ महिनामा १६ प्रतिशत मात्र

**काठमाडौं/मस** – चालु आर्थिक वर्षको छ महिनामा प्रदेशहरुको बजेट खर्च निराशाजनक देखिएको छ । सरकारले सार्वजनिक गरेको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनअनुसार हालसम्म प्रदेशको बजेट खर्च वार्षिक लक्ष्यको १६ दशमलव १८ प्रतिशत मात्रै छ । कूल दुई खर्ब ७८ अर्ब ६९ करोड २४ लाखको बजेट ल्याएका प्रदेश सरकारले गत पुस मसान्तसम्ममा ४५ अर्ब नौ करोड ३८ लाख बराबर मात्रै खर्च गरेका हुन् ।





मधेस प्रदेशको बजेट खर्च सबैभन्दा कमजोर देखिएको छ । चालु आवका लागि कूल ४३ अर्ब ८९ करोड २२ लाखको बजेट ल्याएको मधेस प्रदेशले पुस मसान्तसम्ममा दुई अर्ब ४६ करोड दुई लाख मात्रै खर्च गरेको छ । यो वार्षिक विनियोजनको पाँच दशमलव ६१ प्रतिशत हो । पुँजीगत शीर्षकमा २७ अर्ब ८९ करोड छुट्याएको मधेस प्रदेशले उक्त विनियोजनको एक प्रतिशत मात्रै खर्च गरेको छ ।

सुदूरपश्चिम प्रदेशले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १४ दशमलव ८२ प्रतिशत मात्रै खर्च गरेको छ । कूल ३१ अर्ब ६२ करोड १९ लाखको बजेट ल्याएको सुदूरपश्चिमले पुस मसान्तसम्ममा चार अर्ब ६८ करोड ७० लाख खर्च गरेको छ ।

त्यसैगरी कर्णाली प्रदेशले १५ दशमलव १४ प्रतिशत खर्च गरेको छ । चालु आवका लागि ३१ अर्ब ४१ करोडको बजेट ल्याएको कर्णालीले पुस मसान्तसम्ममा चार अर्ब ७५ करोड ४७ लाख खर्च गरेको छ । लुम्बिनी प्रदेशले कूल ३८ अर्ब ९७ करोडको वार्षिक बजेट ल्याएको थियो । लुम्बिनीले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १९ दशमलव ३६ प्रतिशत अर्थात् सात अर्ब ५३ करोड ६१ लाख बराबर खर्च गरेको छ ।

# कामना सेवा बैंकद्वारा बैंकिङ एन्ड बिजनेस कन्क्लेभ सम्पन्न

**काठमाडौं/मस** – कामना सेवा विकास बैंकले नेपाल युवा उद्यमी मञ्च चितवनको सहकार्यमा बैंकिङ एण्ड बिजनेस कन्क्लेभ कार्यक्रम सम्पन्न गरेको छ । पछिल्लो समयमा व्यवसायी र बैंकबीचको दुरी घटाउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा चितवनका करिब ६० भन्दा बढी युवा व्यवसायीको सहभागितामा उक्त कन्क्लेभ सम्पन्न भएको हो । पत्रकार महासंघ चितवनका सचिव राजेश घिमिरेले उक्त कार्यक्रमको मध्यस्थता गरेका थिए । कार्यक्रममा कामना सेवा विकास बैंकका नायव प्रमुख कार्यकारी अधिकृत विनय दाहाल, एफसिए विमन कार्की र नेपाल युवा



उद्यमी मञ्च चितवनका पूर्व अध्यक्ष तथा व्यवसायी सुर्यभक्त अधिकारी वक्ताको रूपमा रहेका थिए । एफसिए विमन कार्कीले आर्थिक चक्रका हरेक चरणमा बैंक र व्यवसायीहरू बीच फरक मत रहेपनि प्रचलित कानून र नियमको अधिनमा नरहने व्यवसायीलाई आर्थिक रूपमा दवाब पर्ने जानकारी दिए । उनले नेपाल राष्ट्र बैंक तथा बैंकहरूले निर्धारण गरेका नियमलाई पालना गरी आफ्नो व्यवसाय सञ्चालन गर्नुपर्ने तथा वित्तीय विवरणहरूको पारदर्शिता कायम गर्न यस्ता कार्यक्रममार्फत् व्यवसायीहरूलाई वित्तीय साक्षरता प्रदान गर्नुपर्नेमा जोड दिए ।

त्यस्तै, नेपाल युवा उद्यमी मञ्च चितवनका पूर्व अध्यक्ष तथा युवा व्यवसायी सुर्यभक्त अधिकारीले व्यवसायीहरू कोभिड १९ को चपेटावाट अगाडि वढ्न नपाउँदै नियमनकारी निकायका विभिन्न नीतिका कारण थप समस्यामा परेको जानकारी दिए । उनले व्यवसायवाट पलायन हुन सक्ने भएकाले बैंकहरूले साना तथा मझौला व्यवसायीलाई संरक्षण गर्नुपर्ने आग्रह गरेका थिए । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत विनय दाहालले पछिल्लो समय नियमन र वित्तीय अनुशासन कायम गर्न केन्द्रीय बैंक तथा वित्तीय संस्थाहरू अग्रसर हुँदा व्यवसायीहरूलाई असहज महसुस भएपनी दीर्घकालमा यसले सकारात्मक प्रभाव पार्ने बताए ।

Government of Nepal
Ministry of Forests and Environment
Department of Forests and Soil Conservation
**Basin Management Center, Mahakali**
Patan, Baitadi, Nepal
Phone: 09-540004, Email: basinoffice.mahakali@gmail.com

**Invitation for Electronic Bid**

**Date of Notice Publication: 9th February, 2025**

The Basin Management Center, Mahakali invites Electronic Bid for the following Works under Sealed Quotation (SQ) procedures as specified in prevailing Public Procurement Act and Public Procurement Regulations of Nepal.

| Contract Identification Number | Name of Tasks | Bid Document Fee | Cost Estimate Excluding VAT and PS | Minimum Bid Security Amount |
|---|---|---|---|---|
| NCB/BMC-M/ 081-082/W-01 | Landslide Treatment Works at Hunainath Temple, Darchula | Nrs. 3,000.00 | NRs. 85,04,970.70 | NRs. 2,50,000.00 |

Interested Bidders may obtain further information and inspect the Bidding Documents (SQs) in English at the office of Basin Management Center, Mahakali, Patan, Baitadi, Nepal (during office hour) or may visit e-GP system of PPMO: www.bolpatra.gov.np/egp.

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**